का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ मंसिर २०८२
आइतबार
7 December 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २९७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# घट्दै कृषक बढ्दै उपभोक्ता

- बेमौसमी वर्षाले मारमा किसान
- प्रभावित किसानले पाएनन् राहत






खेती हुने क्षेत्रफल र युवा पुस्ताको कृषिमा आकर्षण घट्दो छ। यसले उपभोक्ताको संख्यामा वृद्धि गरेको छ भने आन्तरिक उत्पादनमा कमी आउँदा आयात बढाएको छ। कृषकमैत्री नीति अवलम्बन नगरे अहिलेको अवस्था थप भयाभह हुन सक्ने सरकारी अध्ययनले नै देखाउँछ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २० मंसिर

नेपालमा कृषि पेसामा निर्भर जनसंख्या क्रमश घट्दो क्रममा रहेको र कृषि पेसामा आकर्षण बनाउन उचित नीति तय गर्नुपर्ने सरकारी अध्ययनले नै देखाएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बेमौसमी वर्षाका कारण कृषि तथा पशुपन्छी क्षेत्रमा भएको क्षतिसम्बन्धी अध्ययन गरेको छ। यही मंसिर १५ गते उक्त अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ।

गत असोज १७ देखि १९ गतेसम्म देशभर परेको बेमौसमी अत्यधिक वर्षाको कारण कृषि तथा पशुपन्छी क्षेत्रमा भएको क्षतिको मूल्यांकन र तथ्यांक संकलनका लागि गठित अध्ययन समितिले क्षति बेहोरेका कृषकलाई पुनर्स्थापना र राहत दिन आवश्यक रहेको औंल्याएको छ।

मन्त्रालयका सहसचिव जगन्नाथ तिवारीको नेतृत्वमा गठित अध्ययन समितिले एकातिर बेमौसमी वर्षाले पुऱ्याएको क्षतिको विवरण संकलन गरेको छ भने अर्कोतिर कृषकलाई पुनर्स्थापना र राहतको प्याकेज दिन सुझाएको छ। ताकि कृषि पेसाबाटै कृषक पलायन हुनु नपरोस्। अध्ययनअनुसार बेमौसमी वर्षा मुख्यत: जलवायु परिवर्तनमा आएको असन्तुलनसँग सम्बन्धित छ। नेपालको कोशी, पृष्ठ २ मा




# पद घटुवाको त्रासमा नेताहरू

## एमाले महाधिवेशन

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २० मंसिर

११औं महाधिवेशन तयारीमा रहेको नेकपा एमालेमा नेता व्यवस्थापन शीर्ष नेतृत्वको टाउको दुखाइ बनेको। शीर्ष नेतालाई आफूपछिका नेताको पद व्यवस्थापन तनावसँगै दोस्रो र तेस्रो तहका नेताहरूमाथि पद अवनतिको त्रास बढेको छ।

वर्तमान अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच प्रतिस्पर्धा हुने पक्का भएसँगै दुवै तर्फका नेता टिम बनाउन व्यस्त छन्। महाधिवेशनबाट नेता पदीय हिसाबले माथिल्लो तहमा पुग्ने चाहना स्वाभाविक हो। राजनीतिक नेतृत्व विकासको दृष्टिकोणले पनि पदोन्नति नेताहरूका लागि ठूलो मानिन्छ। तर एमालेको आगामी ११औं महाधिवेशनमा नेताहरूको पदोन्नति भन्दा पदअवनतितिर जाने सम्भावना बढेको छ। गत विधान महाधिवेशनले एमालेको विभिन्न पद घटाएसँगै नेताहरूको पद घटुवा हुने भएको हो।

वरिष्ठ उपाध्यक्षसहित आठ पदाधिकारी घटाएको छ भने स्थायी कमिटीको प्रावधान हटाएको छ। यस कारण नेता व्यवस्थापनको चुनौती चुलिएको हो। विगतमा पदाधिकारीदेखि स्थायी कमिटीमा बसेर काम गरेका नेता पोलिटब्युरो सदस्यमा झर्ने वा पार्टी कमिटीबाटै बाहिरिने ? विकल्प रोज्नुपर्ने अवस्थामा पुगेका छन्। महाधिवेशनको पूर्वसन्ध्यामा पार्टीभित्र आकांक्षीको संख्या बढ्दै जाँदा पार्टी अध्यक्ष हुनेले आफ्नो टिममा नेता अटाउने पदको अभाव महसुस गर्न थालेको एमाले सचिव रघुवीर महासेठले बताए। 'आगामी २६-२९ मा हुने ११औं महाधिवेशनको सरगर्मी बढ्दै जाँदा हाल पदाधिकारी र स्थायी कमिटिमा रहेका नेताहरूको जिम्मेवारी घटुवा हुने चिन्ता बढेको छ,' उनले भने, 'विधान महाधिवेशनमै पदाधिकारी घटाउने निर्णय भएको हो। त्यो निर्णयसँगै अहिलेका पदाधिकारी कहाँ जाने ? अनि स्थायी कमिटीमा रहेर काम गरेका नेता फेरि पोलिटब्युरो सदस्यतिर झर्ने वा पार्टी कमिटीबाहिर रहने अवस्था आएको छ। मूल नेतालाई पदाधिकारी मिलाउन सकस छ।'




एमालेको २०७८ मंसिरमा भएको १०औं महाधिवेशनबाट अध्यक्षसहित १९ पदाधिकारी तय गरेको थियो। त्यसबेला पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# इजरायलको रोजगारीबारे विभागले गरायो सचेत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० मंसिर

वैदेशिक रोजगार विभागले कुनै पनि निजी संस्था, कम्पनी वा व्यक्तिलाई इजरायलको केयर गिभर रोजगारीको विज्ञापन गर्न, फाराम भर्न वा पठाउने प्रक्रिया सञ्चालन हुने कुनै अधिकार नरहेको बताएको छ। हाल इजरायलका लागि केयरगिभर (सहायक कामदार) भर्ना सम्बन्धी भ्रामक सूचना सम्प्रेषण भएकोमा ध्यानाकर्षण भएको भन्दै विभागले इजरायलमा केयरगिभरमा आकर्षक तलबसहित विभिन्न किसिमका सूचना,विज्ञापन टिकटक लगायत सामाजिक सञ्जालमा प्रशारण भएकोले सतर्कता अपनाउन आग्रह गरेको हो। विभागका प्रवक्ता चन्द्रबहादुर शिवाकोटीले विज्ञप्ति जारी गर्दै नेपाल सरकार र इजरायल सरकारका बीचमा सम्पन्न द्विपक्षीय समझदारी अनुरुप इजरायलका दीर्घकालीन स्याहार केन्द्रहरूमा सहायक कामदारहरु पठाउने सम्पूर्ण कार्य केवल सरकारदेखि सरकारले जीटुजी प्रक्रियामार्फत मात्र हुने बताएका छन्।

इजरायलमा काम गर्न जानका लागि जीटुजी बाहेक अर्को विकल्प नरहेकाले भ्रामक, झुट्टा र ठगी उद्देश्यले गरिएका क्रियाकलाप वा अवैध रूपमा कामदार पठाउने कुनै पनि व्यक्ति, समूह वा एजेन्सीमाथि कडा कारबाही गरिने पनि विभागले जनाएको छ।



# अध्यक्षसहितका पदमा भिडन्त हुन्छ

पार्टीमा हुने राजनीतिक प्रतिस्पर्धालाई संघर्ष वा लडाइँका रूपमा हेरिनु हुन्न। आन्तरिक प्रतिस्पर्धामा यसपटक एकदमै कम्पिटिसन हुन्छ। कस्तो कम्पिटिसन भने त्यो सामान्य प्रकारको होइन।

प्रभोग गर्न म जे पनि भन्न सक्छु। तर म त्यस्तो प्रभोग गर्दिनँ। यसपटकको महाधिवेशनमा सबै पदमा नेट टु नेट प्रतिस्पर्धा हुन्छ। कसैको पनि पद सुरक्षित छैन। न अध्यक्ष फलाना हुनुहुन्छ भन्ने छ न महासचिव फलाना हुनुहुन्छ भन्ने। कोको उठ्नुहुन्छ त्यो पनि अझै ठेगान भएको छैन

विस्तृत अन्तर्वार्ता पृष्ठ ५ मा


# हेटौंडा बजारमा डोजर

## सडक विस्तारसँगै पाँच दशकको विवाद टुंगियो

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, २० मंसिर

बागमती प्रदेशको राजधानी हेटौंडा बजारको सडक स्तरोन्नतिको योजना बनेको ५० वर्षपछि विस्तार गरिएको छ। सडक विस्तारको विषय उठेको ५० वर्षमा सो सडक फराकिलो बनाउने योजना कार्यान्वयन आएको हो।

सडक डिभिजनले शनिबार ठुला उपकरण प्रयोग गरेर बजार क्षेत्रका अवैध घरटहरा भत्काएको जनाएको छ। ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर सडक डिभिजन हेटौंडाले सडक सीमाको केन्द्ररेखादेखि २५/२५ गज (७५/७५ फिट) भित्र यसअघि नै रेखांकन गरिएका घरटहरा र संरचना छ। रातोमाटेदेखि कर्रा चोक, मेनरोड, बुद्धचोक, राप्तिरोड, पिपलबोट हुँदै चौकीटोल क्षेत्रका सडक पृष्ठ २ मा



VACANCY ANNOUNCEMENT
One of the leading Manpower Recruitment company in Kathmandu is seeking for following applicants.
Sourcing Manager : 2 (Male/Female) (Salary: 35000)
Requirements:-
- Bachelor's degree from English Medium.
- Minimum 3 Years Experienced in Related Fields.
Public Relation Officers: 6 (Male/Female)
Requirements:-
- Good verbal and written communication Skills.
- Minimum 2 to 3 Years Experienced in Related Fields
Send Your CV at document : snkhrc@gmail.com
Office Timing: 9 AM - 6 PM
Incentive: Bonus + commission
S.N.K. Facilities Management Pvt. Ltd.
Gov. Lic No. 1726/081/082
Bafal-13, Kalanki, Kathmandu, Nepal, Tel. 01-5922923
Whats App No: 9806165278. website: www.snkmanpower.com

मध्यान्ह
www.madhyanhadaily.com

२१ मंसिर २०८२ आइतबार
7 December 2025 Sunday

# पुराना दल सकिए भन्ने नसोच्न ओलीको आग्रह

**काठमाडौं/मस–** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पुराना दल सकिए वा सकिन्छन् भन्ने नसोच्न आग्रह गरेका छन्। शनिबार च्यासलस्थित पार्टी कार्यालयमा पार्टीको मुखपत्र नवयुग ई-बुलेटिनको शुभारम्भ गर्दै उनले पार्टीको आसन्न ११औं राष्ट्रिय महाधिवेशनले एमालेविरुद्धको घेरबन्दी तोड्ने र पार्टी फेरि अघि बढ्ने बताए।

उनले महाधिवेशनको सफलता लोकतन्त्रको सफलता भएकोले महाधिवेशनलाई भव्य बनाउनु पर्नेमा जोड दिए। 'यो महाधिवेशनको सफलता लोकतन्त्रको सफलता हो। त्यसैले यसलाई सफल बनाउनु पर्दछ,' उनले भने, 'महाधिवेशन नेपाली जनता र देशको भविष्यको लागि आवश्यक छ।'

उनले जनताको शक्तिलाई निर्णायक शक्तिमा बदल्नका लागि महाधिवेशन आयोजनासमेत गरिएको बताए।



अध्यक्ष ओलीले स्वतन्त्र, निष्पक्ष शान्तिपूर्ण वातावरणमा चुनाव हुनुपर्नेमा जोड दिए। 'हामीले चुनावलाई पर्खिरहेका छौं। चुनावबाट आउने सरकार एमालेको हुन्छ,' उनले भने, 'पुराना पार्टीमध्ये एमाले चुनावपछि उदाएर आउने छ।'

एमाले महासचिव शंकर पोखरेलले आजको जटिल अवस्थाको नेतृत्व गर्न सक्ने र मुलुकलाई लोकतन्त्रतर्फ फर्काउने पार्टी र नेतृत्व आवश्यक रहेको बताए।

एमालेको महाधिवेशनलाई प्रतिगमनविरुद्धको सङ्घर्ष र जनसंघर्षको कार्यक्रमका रूपमा परिभाषित गर्नुपर्ने उनको भनाइ थियो।

महासचिव पोखरेलले राष्ट्र निर्माणको योजनाकार एमाले भएको बताउँदै उनले देशको राजनीति एमालेको वरिपरि घुमेको बताए।

उनले पार्टीमा यतिबेला प्रतिष्पर्धा नभई एकता खाँचो रहेको भन्दै केपी शर्मा ओलीलाई नेतृत्वमा स्थापित गरेर सबै त्यसमा एकताबद्ध हुन आवश्यक रहेको बताए।

महाधिवेशन प्रचार समितिका संयोजक पद्मा अर्यालले प्रभावकारी रूपले महाधिवेशन र पार्टीका गतिविधि प्रचार गर्न नवयुग ई-बुलेटिन प्रकाशनमा ल्याइएको बताइन्।

उनले महाधिवेशनको प्रचारप्रसार अझ व्यापक बनाउनुपर्नेमा जोड दिइन्।

शनिबार सुरु गरिएको ई-बुलेटिनमा हरेक दिन बेलुका ७ बजे महाधिवेशनको गतिविधि प्रकाशित गरिनेछ।

# पार्टी सभापतिको तयारीमा जुट्छु : महामन्त्री थापा

**सर्लाही/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको आसन्न १५औं महाधिवेशन र निर्वाचनको तयारी सँगसँगै अगाडि बढाइएको बताएका छन्। नेपाल प्रेस युनियन सर्लाहीले शनिबार सदरमुकाम मलंगवामा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले कतिपय नेताले महाधिवेशनमा लाग्दा निर्वाचनको तयारी नपुग्ने हो कि भन्ने चिन्ता गरिरहेको भन्दै दुवै कार्यक्रमलाई सँगै अगाडि बढाइने बताएका हुन्।




महामन्त्री थापाले फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनअघि नै पार्टीको महाधिवेशन गर्ने वा नगर्ने बहसमा केही समय खेर गए पनि अब छोटो समयमा महाधिवेशन सम्पन्न गरेर निर्वाचनमा सरिक हुने निर्णय भइसकेकाले त्यसमा होमिन सबैलाई आग्रह गरे। उनले फागुन २१ को निर्वाचनले संविधानमाथिको थप क्षति हुन नदिने बुझाइसहित पार्टीले निर्वाचनको बाटो रोजेको धारणा राखे।

महामन्त्री थापाले भने, 'हामी फागुन २१ को निर्वाचनप्रति पूर्ण प्रतिबद्ध छौं। अन्य दलहरू पनि तयार भइसकेकाले सरकारले सम्पूर्ण संशय हटाएर निर्वाचन गराउने गरी अघि बढ्नुपर्छ। जेनजी प्रदर्शनपछि फरार रहेका कैदीबन्दी र लुटिएका हतियार निर्वाचनका लागि चुनौती हुनसक्ने कुरा सरकारलाई अवगत गराइसकेका छौं। सरकारले समयमै त्यस्ता आपराधिक गतिविधि नियन्त्रण गर्नुपर्छ।'

उनले प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार राखेको सर्वदलीय बैठकमा पनि यस विषयमा ध्यानाकर्षण गराउनुका साथै सबै समूह र राजनीतिक दलले चुनावमा भाग लिन पाउनुपर्नेमा जोड दिइएको उल्लेख गरे।

महामन्त्री थापाले नयाँ नीति र सन्देशका साथ आफू सभापतिको उम्मेदवार हुने भन्दै नयाँ नेतृत्व चयनका लागि चाँडै नै देश दौडाहामा जाने बताए। उनले आफू आगामी निर्वाचनमा पनि काठमाडौंबाटै प्रतिस्पर्धा गर्ने स्पष्ट पारे।

# रौतहटका पत्रकारलाई एआई प्रयोग सम्बन्धी तालिम

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २० मंसिर

रौतहटको चन्द्रपुरमा पत्रकारहरूका लागि एआई (कृत्रिम बौद्धिकता) प्रयोग सम्बन्धी एक दिने तालिम सम्पन्न भएको छ।

यो तालिम आम सञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ रौतहट शाखाको सहकार्यमा आरोही होटलमा गरिएको थियो।

तालिमको उद्देश्य डिजिटल युगमा सञ्चारकर्मीहरूलाई प्रविधिमैत्री बनाउँदै समाचार संकलन, लेखन र प्रमाणीकरणमा एआईको उपयोगिताबारे ज्ञान प्रदान गर्नु रहेको आयोजकले जनाएको छ। आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्काले कार्यक्रमको उद्घाटन गर्दै एआईको प्रयोग अब पत्रकारिताको आवश्यकता भइसकेको बताउँदै पत्रकारहरूलाई आधुनिक प्रविधि अपनाउन आग्रह गरे।



नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष सञ्जयकुमार कार्कीको विशिष्ट आतिथ्य रहेको कार्यक्रममा पूर्व केन्द्रीय सदस्य शिवपुरीले संचार क्षेत्रमा कार्यरत पत्रकारहरूको लागि एआईको प्रयोग अत्यन्तै महत्वपूर्ण भएको चर्चा गरे।

कार्यक्रममा प्राधिकरणकी प्रमुख प्रशासकीय अधिकृत रंजिता साह, प्रशिक्षक जीवन भण्डारी, नेपाल पत्रकार महासंघका पूर्व शाखा अध्यक्ष शैलेन्द्र गुप्ता, प्रेमचन्द्र झा, मधेस प्रदेश सदस्य शैलेन्द्र झा लगायत ५० जना पत्रकारको उपस्थिति रहेको थियो।

# सुरक्षाका लागि सरकार जिम्मेवार हुनुपर्छः सभामुख

**झापा/मस–** सभामुख देवराज घिमिरेले निर्वाचनको विषयलाई लिएर दलहरूबीच अविश्वास बढेको बताएका छन्।

वीरता जेसिज विर्तामोडको आयोजनामा शनिबार आयोजित 'संकटपछि देशको अर्थतन्त्र: अवसर र चुनौती' विषयक कार्यक्रममा उनले सुरक्षालगायत कारणले निर्धारित समयमा निर्वाचन हुनेमा शंकासमेत रहेको बताए।



सभामुख घिमिरेले मुलुकमा राजस्व सङ्कलन कमजोर हुँदा सामान्य खर्च धान्न पनि सरकारले ऋण लिनुपर्ने अवस्था आएको भन्दै यस्तो बेला निजी क्षेत्रलाई विश्वासमा लिनसक्नुपर्ने धारणा राखे।

'मुलुकमा अराजक गतिविधि बढ्दै जाँदा निजी क्षेत्र लगानी गर्न हिचकिचाइरहेको समय छ। सुरक्षाका कारण मनोबल कमजोर भएको छ, त्यसैले निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाउन लाग्नुपर्छ', उनले भने।

वीरता जेसिजका अध्यक्ष युवराज कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा लिड नेपालका प्रधान सम्पादक राजेन्द्र बाँनियाले सहजीकरण गरेका थिए।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटीगभर्नर बमबहादुर मिश्र, नविल बैंकका कार्यकारी प्रमुख मनोज ज्ञवाली, उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकाल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरी, वीरता जेसिजका संघसंस्था समन्वय संयोजक भूपेन्द्र भण्डारी, कोषाध्यक्ष लोकचन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतले मुलुकको पछिल्लो आर्थिक अवस्थाका विषयमा आ-आफ्नो धारणा राखेका थिए।

## घट्दै ...

मधेश र बागमती प्रदेशहरू यस वर्ष विशेषगरी प्रभावित भएका छन्। अध्ययनको सुझाव खण्डमा स्थानीय तहको कार्यक्रमहरूमा बाढी पहिरोबाट प्रभावित साना किसानहरूको उत्थानका लागि पशुपन्छी पालन पुनर्स्थापना कार्यक्रम लागु गर्नुपर्ने भनिएको छ। बाढीबाट प्रभावित साना मत्स्येपालक किसानको उत्थानका लागि माछापालन पुनर्स्थापना कार्यक्रम लागू गर्न पनि सुझाइएको छ।

'पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघीय ससर्त अनुदान र प्रदेश ससर्त अनुदान कार्यक्रममा समेत समावेश गर्नुपर्ने देखिन्छ' अध्ययनमा उल्लेख छ। बेमौसमी वर्षा र बाढी-पहिरोबाट प्रभावित क्षेत्रमा कृषि उत्पादन वृद्धि एवं कृषिमा जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्दा कृषि पेसाबाट पलायन हुने क्रम कम गर्न सकिने अध्ययनको निष्कर्ष छ।

प्रतिवेदनमा अगाडि भनिएको छ, 'कृषकको खेतबारीमा बाढी र पानी जम्ने जोखिम कम गर्न पूर्वाधार निर्माणका योजना तर्जुमा र कार्यान्वयन गर्न तीन तहको सरकारको समन्वय र साझेदारी गर्न उपयुक्त हुने देखिन्छ।'

यी कार्य गर्दा कृषिमा आर्कषण हुन सक्ने अध्ययनले औंल्याएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा जम्मा ४१ लाख ३० हजार ७ सय ८९ कृषक परिवार छन्। कृषक परिवार कुल घरपरिवारमध्ये करिब ६२ प्रतिशत छन्।

अघिल्लो राष्ट्रिय जनगणना २०६८ अनुसार कृषक परिवार ७१ प्रतिशत थिए। २०७८ अनुसार नेपालमा जम्मा ४१ लाख ३० हजार ७ सय ८९ कृषक परिवारले २२ लाख १८ हजार ४ सय १० हेक्टर जग्गामा कृषि कार्य गरेका छन्। २०६८ अनुसार ३८ हजार ३१ हजार ९३ कृषक परिवारले २५ लाख २५ हजार ६ सय ३९ हेक्टर जग्गामा कृषिकार्य गरेका थिए।

कृषकको संख्या घट्नुमा ग्रामीण क्षेत्रमा बसोबाट घट्नु र सहरी क्षेत्रमा बसाइँसराइ धेरै हुनु, वैदेशिक रोजगारीका कारण मानिसहरूले खेती गर्न छाड्नु र जमिन बाँझो हुनु, सहर तथा बजार विस्तार हुँदा खेतीयोग्य जमिनमा घर तथा भवन बन्ने क्रम बढ्नुलगायत छन्।

कृषि क्षेत्रमा प्रत्यक्ष सामेल हुने युवा पुस्ताको जनसंख्या कम हुँदै गएको पनि तथ्यांकले दखाउँछ। खेती हुने क्षेत्रफल घट्नु र युवा पुस्ताको कृषिमा आकर्षण नदेखिनु सकारात्मक पक्ष होइन। यसले देशको विकासलाई दीर्घकालसम्म असर गर्छ।

कृषकको संख्या घट्दा स्वाभाविक रूपमा उपभोक्ताको संख्या बढ्छ। आन्तरिक उत्पादनमा कमी आउँछ। यस्तो अवस्था मुलुकको हितमा छैन। यसकारण सरकारले कृषकमैत्री नीति अवलम्वन गर्नुपर्ने अध्ययनको सार छ।

अर्थात् क्षति बेहोरेकालाई राहत प्याकेज ल्याएर सरकारले कृषकलाई प्रोत्साहन गर्नुपर्नेछ। असोज १७ र १८ गतेको बेमौसमी वर्षाले पुऱ्याएको क्षति अत्यासलाग्दो छ।

प्राप्त तथ्यांकहरूको विश्लेषणको आधारमा पाँचवटा प्रदेशहरूमा बेमौसमी वर्षाबाट प्रभावित कुल क्षेत्रफल १५ हजार ४ सय ९९ हेक्टरमा विभिन्न कृषि उत्पादन विशेष गरी धान, उखु, तरकारी र फलफूलको उत्पादनमा करिब १ लाख, २७ हजार ३ सय ८३ मेट्रिक टन घटी उत्पादन हुने देखिन्छ।

बालीतर्फ ३ अर्ब ५४ करोड ६१ लाख ४ हजार रुपैयाँको आर्थिक क्षति भएको छ, जसमा मधेश प्रदेशमा सबैभन्दा बढी नोक्सानी भएको देखिन्छ।

प्राप्त तथ्यांकअनुसार बालीतर्फ ३ अर्ब ५४ करोड ६१ लाख ४ हजार, पशुपन्छी, मत्स्ये तथा घाँस खेतीतर्फ १६ करोड १५ लाख ४६ हजार, कृषि तथा पशुपन्छी पूर्वाधारतर्फ १ करोड ६ लाख २५ हजार, जमिन कटानतर्फ ३ करोड ७१ लाख १७ हजार र बिउबिजनतर्फ २ करोड ८१ लाख ४ हजारबराबरको क्षति भएको छ। बेमौसमी वर्षाका कारण तरकारीमा १ अर्ब २५ करोड ७१ लाख ३३ हजार ५ सय ५० बराबरको क्षति पुगेको छ।

## पद...

पदाधिकारीतर्फ अध्यक्ष एक, वरिष्ठ उपाध्यक्ष एक, उपाध्यक्ष ६, महासचिव एक, उपमहासचिव तीन र सात जना सचिव तय गरेको थियो। अहिले वरिष्ठ उपाध्यक्ष राखिएको छैन। त्यस्तै, उपाध्यक्ष तीन जना, महासचिव एक जना, उपमहासचिव एक जना र सचिव पाँच जना मात्रै रहने विधानमा व्यवस्था गरिएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए। त्यस्तै, ४५ जना स्थायी कमिटीलाई हटाइएको उनको भनाइ छ।

१०औं महाधिवेशनका पदाधिकारीअन्तर्गत अध्यक्षमा केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल, उपाध्यक्षहरूमा युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, रामबहादुर थापा (बादल), विष्णु पौडेल र सुवासचन्द्र नेम्वाङ (हाल निधन भइसकेको) लाई चयन गरेको थियो। सुवासको ठाउँमा गुरु बराललाई ल्याइएको छ। त्यस्तै, महासचिवमा शंकर पोखरेल आएका थिए। तीन उपमहासचिवमा प्रदीप ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ र विष्णु रिमाल चयन भएका थिए भने सात सचिवमा टोपबहादुर रायमाझी (हाल जेलमा), रघुवीर महासेठ, छविलाल विश्वकर्मा, लेखराज भट्ट, योगेश भट्टराई, गोकर्ण विष्ट र पद्मा अर्याललाई चयन गरेको थियो। तर ११औं महाधिवेशनमा यी पदाधिकारी दुईवटा समूहमा विभाजन भए पनि व्यवस्थापनमा दुवै समूहका नेतामाथि चुनौती छ। शुक्रबारसम्मको अवस्था हेर्दा एमालेमा १९ मध्ये १२ पदाधिकारी ओली पक्षमा उभिएका छन्। अर्का अध्यक्षका उम्मेदवार ईश्वर पोखरेलका पक्षमा ६ जना मात्रै पदाधिकारी खुलेको देखिए। गुटगट छलफलमा व्यापक समय खर्चिएका संस्थापन पक्ष र इतर पक्षका शीर्ष नेताहरूले आ-आफ्नो टिम बलियो बनाउन नेता तानातानको गरेका छन्। तर ती नेताहरूलाई उचित जिम्मेवारी दिन नसक्दा टिमसमेत फेर्ने सम्भावना रहेको छ। विधानत ११ पदाधिकारीका लागि ओलीको टिमबाटै कम्तीमा ३० जनाले आकांक्षा राखेका छन्। सो समूहमा महासचिवको लडाइँ सबैभन्दा पेचिलो बनेको छ। साबिककै महासचिव शंकर पोखरेल फेरि पनि महासचिवको प्रमुख दाबेदार हुन्। तर उनलाई उपाध्यक्ष विष्णु पौडेलले रुचाउँदैनन्। महासचिवका लागि उपमहासचिव प्रदीप ज्ञवाली र पृथ्वी सुब्बा गुरुङले दाबेदारीमा छन्।

उपमहासचिव र सचिवका लागि नवौं महाधिवेशनमै सचिवमा प्रतिस्पर्धा गरेका परशुमेघी गुरुङदेखि संस्थापक मुख्यमन्त्री शेरधन राई र हालका मुख्यमन्त्री हिक्मत कार्कीसम्म छन्। त्यस्तै, पूर्वमन्त्री रघुजी पन्त, भानुभक्त ढकाल, नेताहरू महेश बस्नेत, रामकुमारी झाँक्री, राजेन्द्र गौतम, अग्नि खरेललगायत दौडमा छन्। अर्का नेता ठाकुर गैरे र विनोद ढकालले पनि सचिवमा दाबी गरिरहेका छन्। गैरे र ढकालबाहेक अन्य सबै नेता अध्यक्ष ओली पक्षधर (संस्थापन) मानिन्छन्। यसले ओलीलाई नेता व्यवस्थापनको विषय थप पेचिलो बनेको नेताहरूको भनाइ छ।

पुराना १२ पदाधिकारीलाई कहाँ पठाउने र नयाँलाई कहाँ अटाउने भन्ने तनावमा ओली छन्। यता ईश्वर पोखरेल समूहमा भने अहिले ६ जना पदाधिकार रहेकालेले नयाँलाई जिम्मेवारीमा थप्ने बाटो खुला छ। त्यसका लागि पोखरेल समूहले ओलीले टिम बनाइसकेपछि अवस्था हेरेर उनीसँग नअटेका नेताहरूलाई जिम्मेवारी दिएर अघि बढाउने सोचमा छन्। दुई नेताबीचको दोस्रो र तेस्रो तहका नेता तानातान भइरहे पनि दिने पदको अभाव खड्किएको दुवै समूहका नेताहरूले बताएका छन्।

अहिलेको अवस्थामा नेता व्यवस्थापनको विषय ओलीलाई चर्को परेको देखिन्छ। उनले टिममा नअटाएका नेताहरू ईश्वरको क्याम्पमा जाने हुन कि भन्ने त्रास ओलीमाथि रहेको एक पदाधिकारीले बताए। यता ईश्वरको टिममा भने पुराना नेताहरू कम रहेकाले नयाँ अनुहारले स्थान पाउने र तिनैले जित्ने अवस्था बन्दै गएको केन्द्रीय सदस्य उषाकिरण तिमल्सिनाले बताइन्। स्थायी कमिटिमा बसिसकेका नेता पदाधिकारीमा जाने योजना रहे पनि यसपटक पदाधिकारीको संख्या घटेकाले सिट सुरक्षित गर्ने प्रयासमा नेताहरू मूल नेतृत्वको वरिपरि दौडधुपमा छन्।

## हेटौंडा...

सीमाभित्र निर्मित घरटहराका भत्काएर सडक फराकिलो बनाएको सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले बताए।

महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको ८ दशमलव ५ किलोमिटर सडक विस्तार हुँदै छ। सडक डिभिजनले ५ सय ३१ वटा निर्मित घर, टहरा तथा अन्य संरचना भत्काउने सूचीमा राखेको थियो। गत मंसिर ५ गते १५ दिने सूचना जारी गर्दै त्यस्ता घर टहरा हटाउने भने पनि स्थानीयले अटेर गरेका थिए।

१५ दिने म्याद सकिनासाथ शनिबार बिहानैदेखि हेटौंडा बजारभित्र डोजर चलाइयो। एक्कासि भर तथा टहरामा डोजल चलेपछि स्थानीयले आतंकित भएको बताएका छन्। उनीहरूले वर्षौंदेखि भोग चलन गर्दै आएको घरबास उठाएको भन्दै डोजर आतंकको विरोध गरेका छन्। तर सडक विभागले भने सडकको केन्द्रबिन्दुबाट २५/२५ गजभित्र सडकको दायाँतर्फ २ सय ३४ वटा र बायाँतर्फ २ सय ९७ वटा घर, टहरा र संरचना भत्काउनुपर्ने मापदण्डअनुसार स्थानीयलाई समयमै सूचित गर्दा पनि अडटेर गरे पनि डोजर लगाउनुपरेको बताएको छ। २०११ सालपछि बस्ती बस्न थालेको हेटौंडा बजार ७० वर्षसम्म देशकै प्रमुख सहर बनेको थियो। तत्कालीन मध्यमाञ्चल क्षेत्रको सदरमुकाम रहेको यो स्थान अहिले बागमती प्रदेशको राजधानी हो।

सार्वजनिक सडक ऐन, २०३१ जारी भएर २०३३ सालमा पहिलोपटक सरकारले राजपत्रमा सडक सीमाबारे सूचना प्रकाशित गरेको विभागले जनाएको छ। बस्ती भत्काएसँगै ५० वर्ष पुरानो सडक सीमाको विवाद टुंगिएको अब हटेको २०५१ सालमा सुकुमबासी समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष तथा संविधान सभा सदस्य अनन्त पौडेलले बताए। 'सडक डिभिजन हेटौंडाले एसियन हाइवे निर्माणका लागि हेटौंडाको मुख्य बजार क्षेत्रमा निर्मित घरटहरा र संरचना हटाएर सडक विस्तार सुरु गरेसँगै पाँच दशकको विवाद, अन्योलता हटेको छ,' उनले भने।

# ५ शय्याको आधारभूत अस्पताल सञ्चालनमा

**दीपेन्द्र शाक्य/मध्यान्ह**
संखुवासभा, २० मंसिर

संखुवासभाको सभापोखरी गाउँपालिकामा पाँच शय्याको अत्याधुनिक आधारभूत अस्पताल शनिबार उद्घाटन गरिएको छ।



नवनिर्मित अस्पतालमा चिकित्सकसहितको दक्ष स्वास्थ्य टोलीले सेवा प्रदान गर्नेछ। अस्पतालले पोष्टमार्टम, ल्याव, फार्मेसीलगायतका सेवा उपलब्ध गराएको छ। निकट भविष्यमा एक्स-रे, भिडियो एक्स-रे लगायतका थप प्रविधिमैत्री सेवा विस्तार गरिने अध्यक्ष लिम्बुले बताए।

६ करोड ९७ लाख ८ हजार १ सय ४३ रूपैयाँको लागतमा बनेको अस्पतालमा सबै सेवा पाउने भएपछि स्थानीयबासीको बाहिर गएर उपचार गराउनुपर्ने बाध्यता टरेको छ। 'सभापोखरीमा अहिलेसम्म ७ वटा स्वास्थ्य सेवा केन्द्रमार्फत उपचार सेवा दिइँदै आएको थियो, अब नयाँ अस्पताल सञ्चालनमा आएसँगै गाउँपालिकाबासीलाई स्वास्थ्योपचारमा थप सहज हुने प्रमुख प्रशासकीय अधिकृत बुकुप्रसाद आचार्यले बताए।

जिल्ला समन्वय समिति प्रमुख सुमन शाक्य र गाउँपालिका अध्यक्ष भीम सिङ्था लिम्बुले शनिबार अस्पतालको औपचारीक रूपमा उद्घाटन गरेका छन्।

# धादिङमा एकै ठाउँमा सात सवारी ठोक्किए

**धादिङ/मस–** पृथ्वी राजमार्गअन्तर्गत धादिङको धुनिबेसी-६ चालिसेमा सात वटा सवारी एकै ठाउँमा दुर्घटनामा परेका छन्।



स्कुल बससहित चार वटा बस, दुई वटा ट्रक र एउटाक मोटरसाइकल दुर्घटनामा परेका हुन्।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायव उपरीक्षक प्रकाश दाहालका अनुसार भारतीय नम्बर प्लेटको ट्रकको ब्रेक फेल भएपछि अन्य सवारीलाई ठक्कर दिँदा दुर्घटना भएको हो।

दुर्घटनामा ३५ जना घाइते भएका छन्। दुर्घटनामा परेका सबैको स्थानीय अस्पताल र काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिए।

काठमाडौंबाट गजुरी जाँदै गरेको बा प्र००१ क ००११ नम्बरको स्कुल बस, एनएल ०१ बिए ४६५४ नम्बरको गाडी (डिब्बा), ना ४ ख ७१५ नम्बरको ट्रक, लु ९५ प ३०७ नम्बरको मोटरसाइकल, जिजे ०३ ए के ३२३१ नम्बरको बस र काठमाडौं जाँदै गरेको ग १ ख ८५५१ नम्बरको बस, बा १ प ९१७ नम्बरको पर्यटक बस दूर्घटनामा परेको थिए।

घाइते हुनेमा अधिकांश स्कुल बसमा सवार विद्यार्थी रहेका छन्। चितवनको स्कुल बसमा सवार २५ जना, गोरखाबाट काठमाडौंतर्फ जाँदै गरेको बसमा सवार आठ जना, मोटरसाइकलमा सवार एक जना र डिब्बा गाडीमा सवार एक जना घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# प्रधानमन्त्रीद्वारा बर्दिया घटनाबारे अध्ययन गर्न निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले बर्दियामा नागरिकता नपाउँदा एक युवतीले ज्यान गुमाएको घटनाबारे अध्ययन गर्न गृहमन्त्रीलाई निर्देशन दिएकी छन् । प्रधानमन्त्री कार्कीले शनिबार सामाजिक सञ्जाल (फेसबुक)मार्फत घटनाको वास्तविकता छानबिन गर्न गृहमन्त्रीलाई निर्देशन दिएका जानकारी गराएका हुन् ।

प्रधानमन्त्री कार्कीले बर्दियाको बढैयाताल-४, दक्षिण भकारी गाउँकी एक युवतीले नागरिकताका लागि संघर्ष गर्दागर्दै मृत्युको बाटो रोजेको र त्यसको एक महिनामै उनका ६१ वर्षीय बाबुले समेत ज्यान गुमाएको घटनाले मर्माहित बनाएको जनाएका छन् ।

उनले भने, 'उहाँहरूको यो निर्णय हाम्रो समाज र राज्यका लागि ग्लानिको विषय हो, न्यायिक-प्रशासनिक झमेलाका कारण यो अवस्था निम्तिएको हो भने देशको प्रधानमन्त्रीका रूपमा म माफी चाहन्छु । यस घटनाको गहिराइमा पुगेर अध्ययन गर्न गृहमन्त्रीलाई निर्देशन दिएकी छु ।' नागरिकतालगायत लैंगिक आधारमा हुने कुनै पनि प्रकारको विभेद् र हिंसा सह्य नहुने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले न्यायको मार्गमा सबै पक्षले सहजीकरण गर्न अपिलसमेत गरेकी छन् ।

# अनुपम प्रकृति र संस्कृतिको संरक्षण गर्नुपर्छ : सञ्चारमन्त्री



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपालको अनुपम प्रकृति र ऐतिहासिक-सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन अत्यावश्यक भएको बताएका छन् ।

शनिबार पाटन दरबार क्षेत्रको अवलोकन क्रममा उनले ललितपुरको परम्परागत कला, संस्कृति र सम्पदालाई जोगाउँदै पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरे ।

'नेपालको इतिहास, कला र संस्कृतिको जगेर्ना गर्दै यही माध्यमबाट विश्वमा देशलाई परिचित गराउनुपर्छ,' मन्त्री खरेलले भने, 'ललितपुरको सांस्कृतिक सम्पदा र खानाका संस्कृतिलाई अन्तर्राष्ट्रियस्तरमा उभ्याउन आवश्यक छ ।'

उनका अनुसार विभिन्न जातजाति, भाषा र संस्कृतिबाट बनेको नेपालको मौलिक पहिचान जोगाउन सबैको सहभागिता अपरिहार्य छ । संघ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य गरेर सम्पदा शहर ललितपुरको मूर्त-अमूर्त सम्पदाको संरक्षणमा काम गर्नुपर्ने उनले बताए ।

मन्त्री खरेलले कृष्ण मन्दिर, पाटन दरबार संग्रहालय तथा त्यहाँ चलिरहेको 'क्राफ्ट एण्ड कल्चरल फेस्टिभल'को समेत अवलोकन गरेका थिए । पाँच दिने प्रदर्शनीमा परम्परागत कला-संस्कृति झल्काउने सामग्रीहरू प्रदर्शित छन् ।

पाटन शहर उपत्यकाका पुराना शहरमध्ये सबैभन्दा प्राचीन मानिन्छ । युगग्राम, यल, मिनङ्ल, ललितपाटन जस्ता पुराना नामले परिचित पाटनको केन्द्रीय भागमा रहेको दरबार क्षेत्र एक महत्वपूर्ण ऐतिहासिक धरोहर हो ।

# मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तार हुँदै



**काठमाडौं/मस–** मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण यादवले आइतबार पद तथा गोपनीयताको शपथग्रहण गर्ने भएका छन् । नेकपा (माओवादी केन्द्र) र एकीकृत समाजवादी (हाल नेपाली कम्युनिस्ट पार्टी)ले जनकपुरमा आयोजना गरेको प्रदेशस्तरीय एकता घोषणा कार्यक्रममा सांसदहरूको उपस्थित हुने भएकोले मुख्यमन्त्री यादवको आइतबार शपथग्रहण आइतबार हुने भएको हो ।

उनी सात दलीय गठबन्धनको समर्थनमा मधेश प्रदेशको नेतृत्वमा पुगेका हुन् । कांग्रेसका २२, जसपाका १८, जनमतका १२, माओवादी केन्द्रका ९, लोसपाका ८, एकीकृत समाजवादीका ७ र नागरिक उन्मुक्तिका १ गरी ७७ सांसदको समर्थनसहित यादव मुख्यमन्त्रीमा नियुक्त भएका छन् ।

प्रदेश प्रमुख सुरेन्द्र लाभले संविधानको धारा १६८(२) बमोजिम उनलाई नियुक्त गरेका हुन् । माओवादी केन्द्रका प्रदेश सभा सदस्य फकिरा महतोका अनुसार आइतबार बिहान ११ बजे शपथ ग्रहण हुनेछ ।

आइतबार नै सत्ता साझेदार ६ दलबाट एक-एक जना मन्त्री नियुक्त गर्ने तयारी पनि भइरहेको महतोले बताए । मन्त्रालय भागबण्डाबारे सहमति नजुटेकाले सुरुवाती चरणमा सबै मन्त्री विनाविभागीय रहने भएका छन् ।

यसअघि लोसपाका नेता तथा पूर्वमुख्यमन्त्री जितेन्द्र सोनल पनि मुख्यमन्त्री पदका आकांक्षी थिए । तर गठबन्धनभित्रको छलफलमा जसपा र माओवादी केन्द्रले कांग्रेसका यादवलाई समर्थन गरेपछि सोनल मुख्यमन्त्री बन्न पाएनन् ।

गत कात्तिक २४ गते ठूलो दलको नेता भएको आधारमा आकस्मिक रूपमा मुख्यमन्त्री बनेका एमालेका सरोज यादव सर्वोच्च अदालतबाट बहुमत परीक्षणको आदेशपछि पदमुक्त भएका थिए । बर्दिबासको एक होटलमा शपथ खाएको विवादले उनी आलोचित बन्न पुगे सो घटनाक्रमपछि एमालेले २४ दिनमै मुख्यमन्त्री, सभामुख र प्रदेश प्रमुख तीनै पद गुमाएको छ ।


## भोक्राहा नरसिंह गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

**भोक्राहा नरसिंह गाउपालिका भएर बगने सुनसरी खोलाको बगर क्षेत्रबाट दिगो तथा वातावारण मैत्री रुपमा नदिजन्य पदार्थ (बालुवा र पाङ्गो माटो) बिक्री कर संकलन गर्न (E–BID) ठेक्का बन्दोबस्ती सार्बजनिक सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/२१ गते आइतबार**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) बमोजिम भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालयले चुरे तथा वनक्षेत्र बाहेक बालुवा तथा भरौट विक्री शुल्क संकलन गर्न तपशिल बमोजिमको खोलाबाट तोकिएको परिमाणमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्रमा भाग लिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्यूनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | BNRM/CS/NCB/GOODS–01/082/083 | सुनसरी खोलाको नदिजन्य पदार्थ (बालुवा र पागो माटो) बिक्री कर संकलन | भोक्राहा नरसिंह गाउँपालिकाको विद्युत सव स्टेसन नजिकको घाट, अरविन्द मेहता बाबा फ्याक्ट्री नजिकको घाट, सिस्बोनी टोल नजिकको घाट, टपरा घाट र दलित बस्ति घाट | बालुवा ९२३३६६.४० घन फिट<br>पागो माटो (सिल्ट) ५५९७९१.० घन फिट | ९९,०५,९९०/७०- | ३,०००/- |

**ठेक्का कबोलका लागि शर्तहरुः-**

१. बोलपत्र फारम दस्तुर ठेक्का नं. BNRM/CS/NCB/GOODS–01/082/083 को लागि रु.३,०००/- (तीन हजार) मात्रको भोक्राहा नरसिंह गा.पा. को भोक्राहा स्थित लक्ष्मी सनराईज बैंक लि. मा रहेको आन्तरीक राजस्व खाता नं. ०७९०३०००३४ मा दाखिला गरि PPMO को बेबसाईट http:/bolpatra gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे सम्म बोलपत्र E–Bidding द्वारा खरिद गर्नु पर्नेछ ।
२. बोलपत्र फारमको यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) दिन दिनको १२:०० बजे सम्म अनिवार्य oneline दर्ता गराउनु पर्नेछ ।
३. बोलपत्र दर्ता भएको ३१ (एकतीसौं) दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
४. यो बोलपत्रमा ठेक्का कबोल अंकको ५ प्रतिशत रकम लक्ष्मी सनराईज बैंक लि. भोक्राहा सुनसरी स्थित धरौटी खाता नम्बर ०७९०३०००१६८ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क श्रेणीको बैंकबाट जारी गरेको कम्तीमा १२० दिन म्याद भएको विडवण्ड (बोलपत्र जमानत) मा जम्मा गरि सो को सक्कलै भौचर, ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा स्वघोषणा पत्र बोलपत्रमा समावेश गर्नुपर्नेछ ।
५. बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेखी छाप लगाई पेश गर्नुपर्ने छ । बोलपत्रमा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।
६. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत धरौटी रकम जफत हुनेछ ।
७. ठेक्का अवधि ठेक्का सम्झौता भएको मिति देखी २०८३ साल जेठ मसान्त सम्मको लागि हुनेछ ।
८. म्याद नाघि र रित नपुगि प्राप्त बोलपत्रमाथि कुनै कारवाही हुने छैन ।
९. गाँउपालिकाको ठेक्का वापत बुझाउन बाँकी रहेको व्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउने छैन ।
१०. बोलपत्र स्विकार गरेको मितिले ७ दिन भित्र ठेक्का कबोल वापतको एकमुष्ट रकम नगद वा १०% नगद जम्मा गरी बाँकी रकमको कार्यसम्पादन जमानत २०८३ असार मसान्त सम्म म्याद भएको पेश गरी सम्झौता गर्नुपर्नेछ । ठेक्का कबोल बापतको एकमुष्ठ रकम नगद जम्मा गरेमा (मु.अ.कर बाहेक) मा १० प्रतिशत रकम छुट सुविधा सकिने छ ।
११. ठेक्का सम्झौताको समयमा बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गरेमा कबोल अंकको १०% जम्मा गर्नुपर्ने छ, बाँकी २ किस्ता मध्ये पहिलो किस्ता ४० % वापत २०८२ साल चैत्र मसान्त भित्र र दोस्रो किस्ता ५०% २०८३ साल बैशाख मसान्त भित्र जम्मा गर्नुपर्ने छ ।
१२. बालुवा बिक्रिमा भ्याट बाहेक शुल्क प्रति घन फिट रु. ८/- र भरोट बिक्रिमा भ्याट बाहेक प्रति घन फिट रु. ४.५० पैसाका दरले उठाउनु पर्ने छ ।
१३. यस कार्यालयले निर्धारण गरेको दर भन्दा बढी असुल गरेको पाईएमा नियम अनुसार कारबाही भई ठेक्का रद्ध समेत हुनेछ ।
१४. बोलपत्र दाताले ठेका भोगचलन गर्दा यस गाउँपालिकाको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम गर्नु पर्नेछ ।
१५. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।
१६. बोपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
१७. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।
१८. बालुवा र भरौट बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा, पाटी, पुल, कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थल क्षति नपुग्ने गरि पुलको ५०० मि. खोला माथि १,००० मि. तलसम्म छाडेर मात्र बालुवा र भरौट उठाउन पाईने छ ।
१९. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रहि बालुवा र भरौट संकलन गर्नु पर्नेछ ।
२०. बोलपत्र कागजात वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
२१. बालुवा तथा भरौट उत्खन्न गर्दा कुनै किसिमको हेब्बी ईक्यूपमेन्ट प्रयोग नगरी श्रमिकको मात्र प्रयोग गरि निकाल्नुपर्ने छ, तथा सो अनुसार निकाल्न सकिएन भने कुनै कसिमको माग दाबी गर्न पाइने छैन ।
२२. ठेक्का वा बिट डकुमेन्ट सम्बन्धी अन्य जानकारीको लागि बोलपत्र दाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।
२३. यस बाहेकका अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।



## Kakani Rural Municipality
ཀ་ཀ་ནི་ གཙུ་པླ་ལི་ཀ
## Office of the Rural Municipal Executive
Ranipauwa, Nuwakot
Bagamati Province

**Invitation for Sealed Quotation**

**Second Date of Publication: 2025/12/07 AD. (2082/08/21 BS.)**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites a competitive Bidding from Eligible Bidders for the following works

| Contract No | Description | Estimate amount including VAT | Bid Security Amount | Bid security Validity period | Price of Bid Document | Last Date of Submission | Bid opening Date and Address |
|---|---|---|---|---|---|---|---|
| 06/sq/krm/Vetmed/2082 | Purchase of veterinary medicines 2082 | 5,08,500 | NRs.10,170 | 45 days | 1,000 | 22-12-2025 12:00hrs | 22-12-2025 14:00Hrs at office of municipal executive, Kakani, Ranipauwa |
| 07/veteqp/krm/2082 | Purchase of Veterinary lab equipment and materials purchase program | 2,26,000 | Nrs.6,500 | 45 days | 1,000 | 22-12-2025 12:00hrs | 22-12-2025 14:00Hrs at office of municipal executive, Kakani, Ranipauwa |

2. Details of Bank for Cost Bid Document Agricultural Development Bank, Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani Rural Municipality Rajaswo Khata) and cash Deposit for Bid Security Agricultural Development Bank, Ranipauwa Branch, Deposit Account no 0213401251034042, Name of the Office: Kakani Rural Municipality, office of the Municipal Executive, Ranipauwa, Nuwakot
3. Eligible Bidders are advised to visit e-gp portal of PPMO's Website for further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot , Telephone: 9851241660 and mailing Address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.

## सम्पादकीय

# चुनाव : दलको पनि दायित्व

प्रतिनिधि सभा निर्वाचन आउन तीन महिना बाँकी छँदा मुख्य राजनीतिक शक्तिहरूले सरकारसँग चुनावको वातावरण बनाउन आग्रह गरेका छन् । भयरहित वातावरणबिना सुरक्षित, निष्पक्ष एवं भयरहित चुनाव हुन पनि सक्दैन । फागुन २१ मा आमचुनाव गराउने प्रतिबद्धतासहित बनेको अन्तरिम सरकारले सुरूका दुई महिना दलहरूलाई बाइपास गरेर हिँड्न खोज्यो । तर दलहरूको सक्रिय सहभागिताबिना चुनाव हुन नसक्ने निष्कर्षपछि प्रधानमन्त्री सुशीला कार्की दलहरूसँग संवादमा छिन् । विघटित संसद्का मुख्य दलसँग एक्लाएक्लै र सामूहिक छलफल गरेर सरकारले चुनावका लागि मिहेनत गरिरहेको सन्देश पनि दिएकी छन् । जेनजी विद्रोहपछि धेरैखाले समूह र शक्तिको दबाब खेपिरहेको सरकार तोकिएको मितिमै चुनाव गराएर जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्न आतुर देखिएको छ ।

लोकतन्त्रमा निर्वाचन केवल राजनीतिक गतिविधि मात्र होइन, जनताको अधिकार, आवाज र आकांक्षालाई औपचारिक रूपमा व्यक्त गर्ने मूल साधन पनि हो । जेनजी आन्दोलनले तत्कालीन कांग्रेस–एमाले सरकार ढालेपछि २०८४ मा हुने आवधिक निर्वाचनलाई दुई वर्षअघि नै गर्नेगरी अहिलेको अन्तरिम सरकार बनेको हो । त्यसैले यो सरकारको मुख्य दायित्व नै निर्वाचन हो । आन्दोलनको बलमा बनेकाले सरकार संविधानको धारामा भेटिँदैन । संविधानभित्रैको सरकार आउन पनि आमचुनाव हुनु अनिवार्य छ । देशलाई स्थिर र वैधानिक मार्गमा फर्काउने एक मात्र उपाय भनेकै चुनाव हो । जतिसक्दो छिटो जनमतबाट चुनेको नेतृत्व सत्तामा पुग्छ, त्यति छिटो संविधान ट्र्याकमा फर्किन्छ ।

चुनावको वातावरण बनाउने जिम्मेवारी सरकारको मात्र होइन, राजनीतिक दलहरूको पनि हो । दलहरूले आफ्ना चुनावकेन्द्रित गतिविधि बढाउनुपर्छ । सरकारले सुरक्षाको प्रत्याभूति दिलाउनुपर्छ । जेनजी विद्रोहपछिको विध्वंशमा लुटिएका सयौं हतियार अझै नियन्त्रणमा आएका छैनन् । अपराधिक पृष्ठभूमिका हजारौं कैदी जेलबाहिरै छन् । संवेदनशील निर्वाचन केन्द्रहरू बढेका छन् । यस्तो स्थितिमा सरकारले नेपाली सेना परिचालन गरेर शान्ति सुरक्षाको भरपर्दो वातावरण बनाउने प्रतिबद्धता जनाएको छ । चुनाव निर्विकल्प हो भन्नेमा दलहरू प्रस्ट भए पनि शान्तिसुरक्षाप्रति अनेक आशंका गरिरहेका छन् । नेकपा एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई लगाइएको स्थानहदको विरोध गरिरहेको छ । त्यसैलाई कारण देखाएर चुनाव नहुने दाबीसहित संसद् पुनर्स्थापनाको मुद्दालाई पनि सँगसँगै अघि बढाएको छ । अरू दलहरूले पनि तोकिएकै मितिमा चुनाव हुनेमा शंका व्यक्त गरिरहेका छन् । यस स्थितिमा दलहरूलाई विश्वासमा लिएर सरकारले भरपर्दो चुनावी वातावरण बनाउनुपर्छ । प्रधानमन्त्री कार्कीले बोलाएको पछिल्लो सर्वपक्षीय बैठकले सरकार–दलबीच बढ्दै गएको दूरी कम गर्ने संकेत दिएको छ । तोकिएको समयमा चुनाव गराउन नसकिए मुलुक फेरि अन्योल र अस्थिरतामा फस्नेछ, जसको असर आमनागरिकको जनजीवनदेखि अर्थतन्त्रसम्म पर्न जान्छ । मतभिन्नता हुनु लोकतन्त्रको सामान्य प्रक्रिया हो तर चुनावका सवालमा सबै दलहरू उत्तिकै उत्तरदायी छन् । किनभने लोकतन्त्रको मेरूदण्ड नै समयमै, स्वतन्त्र र निष्पक्ष निर्वाचन हो । त्यसैले सरकार र दलहरू चुनावमा जुट्नु आवश्यक छ ।

# व्यवस्थामाथि सधैँ प्रश्न

*नेपालको राजनीतिमा व्यवस्थाको आधारभूत मूल्यमान्यतालाई स्वीकार गर्ने संस्कृतिको अभाव छ । जसको परिणाम सधैँ राजनीतिक परिवर्तनका लागि घटनाहरू घट्ने र परिणाम उस्तै दोहोरिइरहने अवस्था छ ।*

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

प्रत्यक्ष निर्वाचित व्यक्तिलाई नै प्रधानमन्त्री बन्ने परम्परा बनाइ कार्यकारी अधिकार सुम्पनुपर्छ भन्ने पछिल्लो समय नेपालको राजनीतिमा बलियो गरी आएको छ । सँगै, राष्ट्रपतिलाई हालकै व्यवस्थाअनुसार नै राखिनुपर्छ भन्ने धारणा समेत देखिन्छ । खुला सिमाना भएकै कारण प्रत्यक्ष जनअनुमोदित राष्ट्रपतिले उपयुक्त नहुने तर्क प्रस्तुत गरिन्छ । यिनै तर्कका आधारमा राष्ट्रको कल्याण हुनेछ भन्ने मत व्यक्त गरिन्छ । राजनीतिक स्थिरताका लागि पाँच-पाँच वर्षमा नियमित आम चुनाव हुँदै जानुपर्छ भन्ने विचार पनि सशक्तरूपमा राखिन्छ । संविधान २०७२ अनुसार नियमित संसदीय चुनावबाट संसद् गठन गरी देशमा शान्ति कायम राख्दै आर्थिक विकास गर्नु नै वैचारिक विखण्डनबाट बच्ने मुख्य उपाय पनि हो ।

तर, नेपालको राजनीतिमा व्यवस्थाको आधारभूत मूल्यमान्यतालाई स्वीकार गर्ने संस्कृतिको अभाव छ । जसको परिणाम सधैँ राजनीतिक परिवर्तन लागि घटनाहरू घट्ने र परिणाम उस्तै दोहोरिइरहने अवस्था छ । बहुदल आएको ३४ वर्ष नपुग्दै संघीय गणतन्त्रको नाममा संविधान २०७२ जारी भयो । तर, पञ्चायत कालमा भ्रष्टाचारको छवि बनाएका धेरै नेता बहुदल आएपछि चोखिएको स्वरूपमा देखिए र निर्वाचनमार्फत पटक-पटक सत्तामा समेत पुग्न सफल भए । बहुदलीय व्यवस्थालाई कमजोर बनाउन यस्ता संस्कारहरू पनि जिम्मेवार रहे ।

२०४६ सालपछिको राजनीतिमा आफ्नो जिम्मेवारी सही ढंगले निर्वाह गर्न नसक्दा धेरैजसो पार्टीहरू फुटेर गए । अल्पावधिमै दुई चिरा परेको नेपाली कांग्रेस फेरि एकीकृत भए पनि एक दशपछि आउँदा फेरि अस्थिरता देखिएको छ । संविधान २०७२ अघिका तेस्रो आमचुनावसम्म मुख्य पाँच संसदीय दलहरू चुनावी रूपमा प्रभावशाली थिए, जो बहुदलीय व्यवस्थाको आधार पनि थिए । गणतन्त्र स्थापना भइसकेपछि संविधान २०७२ पश्चातको पहिलो आमचुनावमा उनीहरूको उपस्थिति अपेक्षाकृत थियो । मुख्यगरी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को उपस्थिति उत्साहपूर्ण भयो । दुई दलले मिलेर नयाँ पार्टी (नेपाल कम्युनिस्ट पार्टी) गठन गर्दै दुई तिहाइ नजिकको सरकार पनि चलाए । तर, त्यो एकता ३ वर्ष पनि टिकेन । आम चुनाव (२०७९) नपुग्दै पार्टीहरू छिन्नभिन्न भए । २०७९ को आम चुनाव पछि पनि घटनाक्रम अपेक्षाकृत भएनन् । दलहरूको शैलीले आजित नागरिकहरूले भदौ २३ र २४ मा विद्रोह गरे । मुलुकमा फेरि मध्यावधि चुनाव हुने अवस्था बन्यो । यो अवस्था किन आयो ? भन्ने प्रश्नको समीक्षा हुनुपर्छ । किन दलहरूप्रति जनतामा विश्वास छैन, भन्ने कुराको जवाफ खोजिनुपर्छ ।

कांग्रेस बाहेक कुनै अन्य दल प्रजातान्त्रिक पार्टीका रूपमा बलियो रूपमा विकास हुन नसक्नु गणतान्त्रिक बहुदलीय व्यवस्थाको कमजोरीको रूपमा लिन पनि सकिन्छ । नेपाली कांग्रेस प्रजातन्त्रको पर्यायजस्तै मानिँदै आएको भए पनि साम्यवादी ध्रुवका दलसँग पटक-पटक सत्ता साझेदारी गर्नुपर्दा यस्ता परिस्थितिमा कांग्रेसभित्र किचलो बढ्दै गइरहेको थियो । दोस्रो स्थानीय चुनावले कांग्रेसका लागि फेरि अनुकूल वातावरण बनेजस्तो देखिए पनि विकृति हट्न सकेन र युवाहरूको जोस एवं असन्तुष्टिले देशमा नयाँ राजनीतिक आयाम आउन बाध्य भयो ।

२०४६ सालअघि नेपालमा निषेधित राजनीति विद्यमान थियो । तर २०४६ को परिवर्तनले त्यसलाई सम्बोधन गरेको भएपनि राजा ज्ञानेन्द्र शाहको अभ्यासले त्यो खोसियो । पछि २०६२/६३ को आन्दोलनपछि राजनीतिक क्रियाकलापले संवैधानिक मान्यता पाएर राजनीति कोठाबाट सडक र सदनसम्म फैलियो । तर यसको बाबजुद पनि नेपालमा गणतान्त्रिक बहुदलीय व्यवस्था नाम मात्रमा सीमित भयो र एकदलीय व्यवस्थाजस्तै स्वरूप लिँदै गयो ।




२०७२ संविधानअघि पटक-पटकका आमनिर्वाचनमा कांग्रेस अग्रपंक्तिमा रहँदै आएको थियो । तर यो क्रम संविधान २०७२ पछिको पहिलो आमचुनावमा भङ्ग भयो । त्यसपछि तत्कालीन माओवादी केन्द्र र तत्कालीन एमाले एक भई संयुक्त रूपमा बहुमतको पार्टी बन्न पुगे र केही वर्ष नेकपाको शासन चल्यो ।

अब पनि गैर-साम्यवादी पार्टीहरू बलियो हुन सकेनन् भने नेपालको गणतान्त्रिक बहुदलीय व्यवस्था कमजोर बन्दै जाने निश्चित छ र तेस्रो आमचुनावको साटो देशले फेरि मध्यावधि मागेको छ । यदि गैर-साम्यवादी पार्टीहरूले देश विकासमा सफल हुन सकेनन् भने गैर-प्रजातान्त्रिक व्यवस्थाको चाहना बढ्न सक्छ । त्यसका कारण बहुदलीय व्यवस्था क्रमिक रूपमा कमजोर बन्दै जानेछ । प्रजातान्त्रिक गणतन्त्र भनेको सबै पार्टीहरूका चुनावी उपस्थितिबाट सन्तुलन कायम हुने व्यवस्था हो । कांग्रेस पार्टी नेपालको प्रमुख प्रजातान्त्रिक दल हो भन्ने मान्यता जनस्तरसम्म गहिरो पर्ने समय थियो, तर आकस्मिक आन्दोलित वातावरणले देशलाई फेरि मध्यावधिबाट परिवर्तनतर्फ अघि बढाएको छ ।

नेपालको गणतान्त्रिक बहुदलीय व्यवस्थामा प्रधानमन्त्री पद संसदीय प्रक्रियामा आधारित छ, प्रत्यक्ष जननिर्वाचित होइन । त्यसैले यदि प्रत्यक्ष जननिर्वाचित व्यक्तिलाई प्रधानमन्त्री बनाउनुपर्ने व्यवस्था गरियो भने दलगत कमजोरी हट्दै जानेछ र यो व्यवस्था नेपालको सामाजिक-राजनीतिक माटो अनुकूल हुन सक्छ । यस्तो कदमले बारम्बार भइरहने आन्दोलनहरूको स्वरूपमा समेत परिवर्तन ल्याउने सम्भावना हुन्छ ।

संघीय गणतान्त्रिक बहुदलीय व्यवस्थामा नेता, कार्यकर्ता तथा मतदाता सबैको भूमि महत्वपूर्ण रहन्छ । तर यस व्यवस्थामा सत्ताको वास्तविक अधिकार सीमित व्यक्तिमा मात्र केन्द्रित हुनुले विकृति निम्त्याउँछ । बहुदल र विकेन्द्रीकरणको नारा उरालिए पनि अधिकार थोरै व्यक्तिमा सीमित हुनु कमजोरी हो । यसले राष्ट्रियता र

> *पञ्चायत कालमा भ्रष्टाचारको छवि बनाएका धेरै नेता बहुदल आएपछि चोखिएको स्वरूपमा देखिए र निर्वाचनमार्फत पटक-पटक सत्तामा समेत पुग्न सफल भए । बहुदलीय व्यवस्थालाई कमजोर बनाउन यस्ता संस्कारहरू पनि जिम्मेवार रहे ।*

समन्वयलाई पनि सङ्कुचित बनाएको छ र सत्ता सीमित व्यक्तिको बिर्ता हो भन्ने विश्वासलाई बल पुऱ्याएको छ । दल-परिवर्तन गर्ने संस्कारले बहुदलीय व्यवस्थालाई विकृत बनाउन सक्छ, जसको अन्त्यका लागि पदमा रहनेहरूले मानवीय दृष्टिकोण अपनाउनुपर्छ ।

पूर्वी युरोपका देशहरूमा एकदलीय साम्यवादी व्यवस्थाले कति परिवर्तन ल्यायो भन्ने छुट्टै विश्लेषणको विषय हो । सार्वभौम जनता भएको देशमा ऐन-कानुन व्यवहारमा उतारिनुपर्छ । यदि यस्ता कानुनी प्रक्रियामा कमजोरी देखापऱ्यो भने संसदीय प्रजातान्त्रिक गणतन्त्रमा अनियमितता सुनिश्चित रूपमा आउँछ । त्यसकारण यस्तो अनियमितता तथा विकृतिबाट राष्ट्रलाई जोगाउन सबै सतर्क रहनुपर्छ ।

आजसम्मका अनुभवले देखाउँछ– गणतान्त्रिक बहुदलीय व्यवस्थामा साम्यवादीहरूको मतबाट साम्यवादी दलले निरन्तर सत्ता सम्हालेमा नेपालको परराष्ट्र नीति समदूरीमा रहन कठिन हुन्छ । त्यसैले यदि नेपालमा बहुमतका प्रजातान्त्रिक दलहरूले सरकार बनाए भने भारत-चीनबिच समदूरी कायम हुनसक्छ र यही समदूरीको कूटनीति नै नेपालको लागि कद अग्लो बनाउने उत्कृष्ट विकल्प बन्न सक्छ ।

## इतिहासमा आज

७ डिसेम्बर १९८३ मा म्याड्रिड-बाराजास विमानस्थलमा दुई विमानहरू धावनमार्गमा गुड्दै गर्दा बाक्लो कुहिरोका बिच आइबेरिया एयरलाइन्सको बोइङ ७२७ एभियाको डीसी-९ सँग ठोक्किएर दुर्घटनाग्रस्त भएको थियो, जुन घटनामा ९३ जनाको मृत्यु भएको थियो ।



७ डिसेम्बर १९८८ मा ६.८ रेक्टर स्केलको भूकम्पले आर्मेनियाको उत्तरी भागमा ठूलो विनाश निम्त्यायो । जुन भूकम्पमा परी ५० हजारको मृत्यु भएको थियो र झण्डै १ लाख ३० हजार घाइते भएका थिए ।



७ डिसेम्बर १९९५ मा खबारोभस्क युनाइटेड एयर ग्रुप फ्लाइट ३९४९ बो-झाउसा पहाडमा दुर्घटनाग्रस्त भएको थियो, जसमा ९८ जनाको मृत्यु भएको थियो ।



७ डिसेम्बर २००३ मा क्यानेडियन एलायन्स र प्रोग्रेसिभ कन्जरभेटिभ पार्टी अफ क्यानडाको विलय पछि क्यानडाको कन्जरभेटिभ पार्टी आधिकारिक रूपमा दर्ता भएको थियो ।



## सामाजिक सञ्जाल



डम्बर खतिवडा

जन्मँदै अनैतिक अभ्यास गर्नेबाट सु-संस्कृत राजनीतिको आशा गर्न सकिन्न । धेरै त हैन, यति चाहिँ भन्नै पर्छ- कुलमान घिसिङजीले कि नागरिक सरकारको मन्त्री पद राजीनामा गर्न पर्छ कि दलीय गतिविधिमा संलग्न हुन मिल्दैन । राज्यको स्रोत, साधन र शक्ति कुनै 'डमी पार्टी'का लागि दुरुपयोग गर्न मिल्दैन ।



रञ्जित तामाङ

लोकतन्त्रमा सत्ताको स्पेस जनताले दिएको भोटले मात्र सम्भव छ । १० वर्षयता सत्ता राजनीतिमा सबैभन्दा धेरै स्पेस पाउने दल एमाले हो । तर, एमाले व्यक्ति पूजामा सीमित बन्यो । जनताले भोट दिएर मात्र पुग्दैन । भोट पाउने दलको शासनमा ढंग पुग्दैन भने हालत एमालेजस्तै स्वाहा हुन्छ ।



तारानाथ दाहाल

सुशीला कार्की सरकार पनि दलीय सरकार भयो । विशुद्ध नागरिक सरकार रहेन । दलहरूलाई गाली गर्ने नयाँ पुस्ताका भाइ बहिनी र दलीय व्यवस्थासँग नै दिक्क मान्ने पुराना मान्छेहरूले अब कसरी लेलान् त-दलका नेताहरू मन्त्री भएको सरकारलाई ? चुनौती त निर्वाचन आयोगलाई हुने भयो-सरकारी दलको अनुगमन !



यादव देवकोटा

गैरदलीय चुनावी सरकारमा बसेर पार्टी खोलेको छ - फेरि पनि मन्त्री छोडेको छैन । मन्त्री पद खाइराख्न पार्टी आफ्नो भए पनि डमी अध्यक्ष बनाइराखेको छ, तर हर्ताकर्ता आफैं छ । देखादेख यस्तो जालझेल र तिकडम गर्न सक्नेले भित्रभित्रै के मात्रै नगरेको होला भन्ने प्रश्न स्वतः बलशाली बन्छ ।

# जेनजी आन्दोलन र प्रणालीगत संकट

विचार



● नबराज न्यौपाने

> *देशको प्रमुख चुनौती नेतृत्व परिवर्तन होइन, प्रणाली परिवर्तन हो । नेतृत्वका अनुहारहरू फेरिँदै आएका छन्, तर संरचनाको चरित्र, निर्णय प्रक्रियाको गुणस्तर र प्रशासनिक संस्कारका कमजोरीहरू उस्तै छन् । सुधारको अभाव संरचनागत, संस्थागत र नीतिगत तहमै रहेको छ ।*

देशले पछिल्ला वर्षहरूमा अनुभव गरेको राजनीतिक उतार-चढाव, विशेषतः जेनजी आन्दोलनपछिको चरण, परिवर्तनका ठूलो आशाहरू बोकेर अघि बढे पनि परिणामगत रूपमा अपेक्षित रूपान्तरण तत्कालीन संरचनामा प्रतिबिम्बित हुन नसकेको यथार्थ अहिले अधिक स्पष्ट हुँदै गएको छ । जेनजी आन्दोलनले प्रणालीगत रूपान्तरणको आह्वान गरे पनि सरकारी संयन्त्र, प्रशासनिक मनोविज्ञान र नीति-निर्माणको प्रक्रियामा परिवर्तनको प्रभाव सतही स्तरमै सीमित देखिन्छ । पुरानै प्रक्रियाको निरन्तरता, ढिलासुस्ती र अनिर्णयको संस्कार तथा राजनीतिक हस्तक्षेपको स्थायी दबाब उही रूपमा सक्रिय छन् । संरचना उस्तै रह्यो, केवल नेतृत्वको बोली मात्र बदलियो ।

यसैबिच हालको राजनीतिक नेतृत्वले ' अर्को सरकारले समाधान गर्छ' भन्ने विचारलाई निरन्तर अगाडि सार्दै सुशासन र भ्रष्टाचार मुक्ति भविष्यकै सरकारबाट मात्र सम्भव हुने जस्तो भ्रम फैलाइरहेको छ । जिम्मेवारीलाई भविष्यमा सार्ने राजनीतिक संस्कृतिले उत्तरदायित्वहीनता जन्माउँछ, राजनीतिक अस्थिरताको पूर्वतयारी तयार पार्न मद्दत गर्छ र जनताको अपेक्षा व्यवस्थापनमा धोका पुऱ्याउँछ । यस्तो दृष्टिकोण सत्ताको हितमा केन्द्रित हुन्छ, राष्ट्रको हितमा होइन ।

राजनीतिक दलहरूको बदलिँदो नाराभित्र पनि सर्वसाधारणका पीडाहरू भने उस्तै छन् । जीवनयापनको लागत, सेवा-सुविधामा पहुँच, प्रशासनिक न्याय, रोजगारी र अवसरहरूको संकटजस्ता आधारभूत समस्याहरू जसरीका तसरी सर्वसाधारणकै काँधमा परिरहेका छन् । सरकार बदलिने तर वास्तविकता नबदलिने अवस्थाले नागरिक फेरि उही 'च्यापुवा'मा परेका छन् ।

यता संवैधानिक, प्रशासनिक, सुरक्षा तथा सार्वजनिक संस्थानहरूको जिम्मेवारी बोध अत्यन्तै कमजोर देखिन्छ । कसैले दीर्घकालीन नीतिको परिणामको जिम्मा लिँदैन, कसैले विफलताको कारण स्विकार्दैन र कसैले सुधारको सुरुआत गर्न हिम्मत देखाउँदैन । यसरी जवाबदेहीता विहीनताले राज्य-यन्त्रलाई 'उत्तरदायित्वविहीन आराम जोन' मा धकेलेको छ । माओवादी द्वन्द्वले नेपालको राजनीतिक, सामाजिक र प्रशासनिक संरचनामा गहिरो अवरोध सिर्जना गरेको यथार्थलाई नजरअन्दाज गर्न सकिँदैन । जेनजी आन्दोलनले पछिल्लो राजनीतिक संस्कृतिमा नयाँ विमर्श ल्याए पनि आन्दोलनको ऊर्जा संस्थागत सुधारमा रूपान्तरण हुन सकेन, नीतिगत पुनर्संरचना स्पष्ट देखिएन र परिणामभन्दा प्रतीकहरू बढी हाबी बने । परिवर्तनको 'ध्वनि' बलियो भए पनि 'संरचना' भने छुन नसकिएको अवस्थामा रह्यो ।

देशको प्रमुख चुनौती नेतृत्व परिवर्तन होइन, प्रणाली परिवर्तन हो । नेतृत्वका अनुहारहरू फेरिँदै आएका छन्, तर संरचनाको चरित्र, निर्णय प्रक्रियाको गुणस्तर र प्रशासनिक संस्कारका कमजोरीहरू उस्तै छन् । सुधारको अभाव संरचनागत, संस्थागत र नीतिगत तहमै रहेको छ, जसले देशलाई दीर्घकालीन रूपमा जकडिएको बनाइरहेको छ ।

आन्दोलन वा सरकार परिवर्तन मात्रै पर्याप्त हुने अवस्था बितिसक्यो । देशलाई निकास दिन अब अदालतदेखि प्रशासनसम्मका प्रणाली र संस्थाहरूको पुनर्संरचना, नेतृत्वमा अनिवार्य उत्तरदायित्वसँगै सफल-विफलताको स्पष्ट मापन, तथ्य-अनुसन्धान र दीर्घ दृष्टिमा आधारित नीति-निर्माण तथा नागरिक चेतना र निगरानीको सशक्त अभ्यास अपरिहार्य छन् । यी चार आधार बिनाको परिवर्तनले नारा, आवेग र स्थायी निराशा मात्र उत्पादन गर्छ ।

**११औं महाधिवेशनको पूर्वसन्ध्यामा हुनुहुन्छ के कस्तो छ तयारी ?**

महाधिवेशनको तयारी लगभग अन्तिम भइसकेको छ । प्रतिनिधिहरू छनोट भइसकेका छन् । केही केही ठाउँमा अलिअलि विवाद छ । ती सबै समस्या सजिलै गरी समाधान गर्ने तहकै होला भन्ने लाग्छ । अब हाम्रो उद्घाटन कार्यक्रम एकदमै भव्य बनाउने योजना छ । लाखौं मान्छे हामीले उतार्ने भन्ने योजना छ । महाधिवेशनलाई स्वस्थ प्रतिस्पर्धाको महाधिवेशन बनाउनेगरी तयारी भइरहेका छन् । निष्पक्ष र स्वतन्त्र ढंगले महाधिवेशन प्रतिनिधिलाई हामीले सार्वभौम बनाएका छौं ।

**महाधिवेशन नेतृत्व चयनको मात्रै हो, नीतिगत विषयमा छलफल हुँदैन भन्ने छ । के त्यस्तै हो ?**

बहस छलफल गर्ने कि नगर्ने भन्ने कुनै रहरको विषय कसैले गर्ने भन्ने कसैले नगर्ने भन्ने होइन । विधान महाधिवेशनमा अगाडि सारिएका विश्लेषण अथवा निकालिएका निष्कर्ष भन्ने हो भने त दुई दिन पनि टिकेन नि त । २४ गते अर्को परिस्थिति बन्यो । परिस्थितिमा फेरबदल भएपछि बहस माग गर्ने हो । हामीले भदौको २२ गते विधान महाधिवेशन गरेको थियौं । सामान्यत अरू कुनै किसिमका घटना नभएको अवस्थामा नीतिगत काम धेरैजसो हामीले त्यहाँ सम्पन्न गरेका थियौं । भलै हाम्रो महाधिवेशनको विगतको अभ्यास के छ भने विधानलगायतका विभिन्न विषयवस्तु विधान महाधिवेशनले तय गरिसकेपछि पनि १०औं राष्ट्रिय महाधिवेशनमा कतिपय वैधानिक व्यवस्था पनि परिवर्तन भएका थिए । भदौको २३ र २४ गतेपछिको परिस्थिति आनकातान फरक पऱ्यो । मान्छेको मनस्थितिमा सोचमा परिवर्तन भएको छ । अनि राजनीतिक दलहरूको शक्ति सन्तुलनको स्थितिमा फरक परेको छ । हिजोका राजनीतिक दल जो स्थापित दलहरू हुन्, ती दलहरूको पोजिसन के हुने नि भन्नेबारेमा कसैले पनि भन्न सक्दैन । अनुमानका आधारमा मात्रै त चल्दैन नि । त्यसकारणले त्यो परिस्थिति उत्पन्न हुनुको कारण के हो ? त्यसमा दोष बढी कसको हो ? आन्तरिक कारण प्रधान हो कि, बाह्य कारण प्रधान हो कि, षड्यन्त्र जालझेल हो कि ? यो के हो त ? त्यसबारेमा पनि गहन बहस हुनुपऱ्यो, छलफल हुनुपऱ्यो । महाधिवेशन भनेको त हाम्रो फाइनल फोरम हो । यसले त पाँच वर्षका निम्ति विश्लेषण नीतिहरू कार्ययोजना अगाडि बढाउँछ । भनेपछि एउटा केन्द्रीय कमिटीले गरेको सामान्य प्रकारको छलफलले मात्रै सबै कुराको निरुपण हुँदैन । त्यसपछिको परिस्थिति के हो ? अब अगाडि कसरी गरेर बढ्ने ? यो लोकतन्त्रमाथि नै प्रश्न उठेको स्थिति छ ।

निकै लामो संघर्षबाट स्थापित भएको लोकतान्त्रिक गणतन्त्र खचमचिएको अवस्थामा छ । संविधान माथि हमला भएको छ । गैरसंविधानिक सरकारले काम गरिरहेको छ । जनप्रतिनिधिमूलक संस्थालाई विघटन गरेर अनि अनिर्वाचित सरकार बनेको छ । अनि त्यो पनि फेरि यत्रो सिंगै देशको प्रतिनिधित्व त्यहाँ भएको स्थिति छैन । सम्पूर्ण शक्तिहरू छैनन्, राजनीतिक दल छैनन् ।

यस परिस्थितिलाई कसरी हामीले एक ठाउँमा लिएर आउँछौं त ? भन्नका निम्ति पनि बहस छलफल नगरीकन हुन्छ ? बहस के रहरले गर्ने हो र ? । त्यसकारणले समयको आवश्यकताले बहसको माग गर्ने हो । समय र परिस्थितिअनुसार महाधिवेशनमा गम्भीर छलफल र बहसको आवश्यकता छ ।

**पार्टी नेतृत्वसहित अधिकांश नेता लामो बहस गरेर समय खर्चने पक्षमा देखिँदैनन् । त्यस्तो हुँदा तपाईंहरुको के नै लाग्छ र ?**

गम्भीर बहस र  सही निष्कर्ष निकालेर मात्रै नेकपा एमालेको आगामी यात्रा अगाडि बढ्छ । होइन भने त अलमलको अवस्थामा रहेर जनतालाई अलमलमा राखेर नेकपा एमालेको समर्थन बढ्छ ? जनतालाई हामीले एउटा दिशा दिनुपऱ्यो । आशा र विश्वास जगाउनुपऱ्यो नि । अहिलेको मनस्थिति भनेको त के छ भने दलीय व्यवस्थाको विपक्षमा छैन । लोकतन्त्रविरुद्ध नेपाली जनता छैनन् । गणतन्त्रविरुद्ध पनि छैनन् । जसले लोकतान्त्रिक गणतन्त्रको स्थापनाका निम्ति संघर्ष गरे ती दल अहिले पनि सचिएको स्थिति छैन । नेतृत्व अहिले पनि सचिएको स्थिति छैन । जनताको मागअनुसार सबै ठाउँमा हाम्रो सोच, हाम्रो व्यवहार, हाम्रो कार्यशैली र हाम्रा नीतिमा संगठनमा पुनर्गठन भएको छैन ।

प्रतिनिधिलाई सार्वभौम बनाएका छौं भन्नुभयो । तर महाधिवेशन कब्जा भएर आएको भन्ने उजुरीहरू परेका छन् । यसपटक दुई समूहबीचको शक्ति संघर्ष त राम्रै चल्ने देखियो नि होइन ?

हाम्रो विधानले जनताको बहुदलीय जनवादको मूल मान्यतालाई स्थापित गरेको छ । महाधिवेशन भनेको कार्यकर्ताको अनि महाधिवेशनबाट निर्वाचित भइसकेपछि मात्रै पार्टी नेताको हुन्छ । त्यसैले महाधिवेशनमा कार्यकर्ता प्रभावी हुन्छन् । जनताको बहुदलीय जनवादले ठोस परिस्थितिको ठोस विश्लेषण गरेर उचित र सही निष्कर्ष निकालेर अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्छन् । अहिले कसैले कब्जा गर्दैमा प्रतिनिधि उसैका हुन्छन् भन्ने छैन । उहाँहरूले एमाले कस्तो नेतृत्व छान्ने भन्ने विवेकपूर्ण निर्णय गर्नुहुन्छ । अर्को कुरा पार्टीमा हुने राजनीतिक प्रतिस्पर्धालाई संघर्ष वा लडाइँका रूपमा हेरिनु हुन्न । आन्तरिक प्रतिस्पर्धामा यसपटक एकदमै कम्पिटिसन हुन्छ । कस्तो कम्पिटिसन भने त्यो सामान्य प्रकारको होइन । प्रभोग गर्न म जे पनि भन्न सक्छु । तर म त्यस्तो प्रभोग गर्दिनँ । यसपटकको महाधिवेशनमा सबै पदमा नेट टु नेट प्रतिस्पर्धा हुन्छ । कसैको पनि पद सुरक्षित छैन । न अध्यक्ष फलाना हुनुहुन्छ भन्ने छ न महासचिव फलाना हुनुहुन्छ भन्ने । कोको उठ्नुहुन्छ त्यो पनि अझै ठेगान भएको छैन । उम्मेदवार पनि अन्तिम घडीमा थाहा हुने वाला छ । त्यसपछि एकदमै स्वस्थ प्रतिस्पर्धा हुन्छ । सबै पदमा भिडन्त तगडा हुन्छ । प्रतिस्पर्धाको मान्यतालाई स्वीकार गर्छौं । सिद्धान्त त त्यो कुरा सही छ ।



## एमालेको ११ औं महाधिवेशन

# नीतिगत बहस र नेतृत्वको प्रतिस्पर्धा रोकिँदैन

नेकपा एमालेको ११औं महाधिवेशनको तीव्र तयारी भइरहँदा नेताबीच आगामी नीति र नेतृत्वका सन्दर्भमा मत विभाजित छ । २०८२ मंसिर २७-२९ मा भक्तपुरको सल्लाघारीमा उद्घाटनका लागि सबैखालको तयारी भइरहेको छ । वर्तमान पार्टी अध्यक्ष केपी शर्मा ओली र उनका समर्थकहरुले गत भदौ २२ मै पार्टीको विधान महाधिवेशनबाट नीतिगत विषय टुंगो लगाइसकेकाले यो महाधिवेशन केवल नेतृत्व चयनको मात्रै हुने दाबी गर्दै आएका छन् ।

तर ओलीको काउन्टरमा आगामी नेतृत्वका लागि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल तयार भएका छन् । पोखरेल पक्षधर नेताहरुले जेनजी आन्दोलनपछिको बदलिँदो परिवेशअनुसार विधान महाधिवेशनले पारित गरेका कतिपय विषय २४ भदौको आन्दोलनसँगै तुहिएको भन्दै ११औं राष्ट्रिय महाधिवेशनमा नीतिगत बहस र नयाँ नेतृत्व स्थापित गर्ने प्रयासमा छन् । प्रतिस्पर्धालाई अलवम्बन गरेर जाने उनीहरुको अडान कायमै छ । यसै सन्दर्भमा रहेर मध्यान्हका लागि नेकपा एमालेका स्थायी कमिटी सदस्य **कर्णबहादुर थापा**सँग **जीवन शर्मा**ले गरेको कुराकानीको सम्पादित अंश :

■ **कर्ण थापा**, स्थायी कमिटी सदस्य, नेकपा एमाले

**यो महाधिवेशनबाट मूल नेतृत्व हस्तान्तरण होला कि पुरानैले निरन्तरता पाउँछन् ?**

महाधिवेशनको मूल मुद्दा नै नेतृत्व परिवर्तन हो । कहिले कहिले मात्रै पुरानो नेतृत्वको निरन्तरता हुन्छ । होइन भने नेतृत्व त परिवर्तन अधिकांश समय महाधिवेशनबाट हुन्छ । हाम्रो त झनै आवश्यकता छ । उहाँले दुई/दुई कार्यकाल सम्पन्न गरिसक्नुभयो । ७० वर्षको उमेरहद पार गरिसक्नुभयो । हामीले त त्यो मान्यतालाई हिजै स्थापित गरिसक्या हो नि । २०-२५ वर्षका युवा राजनीतिमा आएर यो देशलाई हामी हाक्छौं भनिरहेका छन् । उनीहरूमा मेचुरिटी कति छ, उनीहरूमा सैद्धान्तिक वैचारिक स्पष्टता कति छ, अध्ययन कति छ बेग्लै कुरा हो । तर नवयुवाहरूले देश चलाउँछु भनिराख्या छन् । अनि हामी चाहिँ मरुन्जेल सम्म छोड्दैनौं । बाँचुन्जेलसम्म हाम्रो पदमा कसैले पनि आँखा नलगाउनु है । यो मेरै हो भनेर भनियो भने त्यो समयको गतिलाई रोक्ने प्रकारको जस्तो कुरा हो । आम जनताले आमनेकपा एमालेको पंक्तिले त्यो खोजेको छ । तपाईंको ज्याकेट लगाइरहभएको छ त्यो फाटेको छैन । तर तपाईंलाई जुन ऊर्जा हौसला नयाँ कपडा फेर्नमा हुन्छ पुरानामा हुँदैन । मेरो फाटेको ज्याकेट नै लगाउँछु भन्दाखेरि के हुन्छ ? त्यसकारण यो महाधिवेशनमा परिष्कृत नीति र परिवर्तित नेतृत्व आम महाधिवेशन प्रतिनिधिले खोज्नुहुनेछ । हामी त्यसैमा लागेका छौं ।

**सहमतिमा नेतृत्व चयन गर्ने नाममा अध्यक्ष केपी शर्मा ओली र उनको समूहबाट प्रतिस्पर्धा नै हुन नदिने प्रयास भइरहेको सुनिन्छ । त्यसमा तपाईंहरुको भूमिका कस्तो रहन्छ ?**

जहाँसम्म सर्वसम्मतका लागि प्रयास गर्नु चाहिँ नराम्रो होइन, त्यो राम्रै हो । किन सर्वसम्मतलाई अस्वीकार गर्ने ? तर हाम्रो अध्यक्षमाथि किन त्यसो आरोप लगाउनुहुन्छ ? सबै मिडियादेखि सिंगै जनजनले एमालेको अध्यक्षमाथि मात्रै किन यस्तो यो हमला भइरा'ख्या छ ? हामी त्यसको पक्षमा छैनौं । उहाँ नै पार्टीको आन्तरिक जीवनको लोकतान्त्रीकरण र प्रतिस्पर्धाको प्रणाली उहाँले स्थापित गरेको हो । तर मैले तपाईंलाई भन्नुपर्छ कि यसपटकका लागि भन्ने हो भने प्रतिस्पर्धाको परिस्थिति निर्माणका निम्ति महत्वपूर्ण भूमिका खेल्ने मान्छे म हुँ । मैले प्रयास नगरेको हो भने यति कुरा चाहिँ मान्नु यो परिस्थिति बन्दैनथ्यो ।

नेकपा एमालेको जनताको बहुदलीय जनवादले भनेको मूल मान्यता भनेको महाधिवेशनमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ । किनभने एकभन्दा धेरै मान्छेको चाहना हुन्छ भने त्यसलाई तपाईं के गरी म्यानेज गर्नुहुन्छ ? तपाईं चुप लाग्नुस् भन्ने अधिकार कसैलाई छ ? तपाईं प्रतिस्पर्धा गर्न पाउनुहुन्न त कसैले पनि भन्न पाउँदैन । यो त शाश्वत कुरा हो नि । हामीले स्वीकार गरेको र हामीले स्थापित गरेको यो मूल्यलाई मान्यतालाई नेकपा एमालेले लामो समय संघर्ष गरेर स्थापित गरेको हा ।  यो लुकाएर लुक्ने चिज होइन नि ।

तर अध्यक्षको भूमिका सबैलाई समेटेर लिएर जाऊ, सम्मानजनक सबैको उपस्थिति गरौं । भनेर न्यायोचित ढंगको उहाँले प्रस्ताव ल्याउनुभयो भने प्रस्तावमा छलफल हुन्छ । राम्रो प्रस्ताव भयो भने पार्टी पंक्तिले स्वीकार गर्छ  । तर मैले भने जस्तो मात्रै गर्छु । त्यो कुरा मान्यो भने चाहिँ त्यही हो सहमति भनेर कसैले भन्छ भने त्यो चाहिँ सहमतिको सूत्र होइन ।

## डा. मण्डनेको पुस्तक लोकार्पण



**काठमाडौं/मस-** डा.गोपाल पौड्याल 'मण्डने'द्वारा लिखित 'हाउ टु बिकम द बेस्ट एम्बेस्डर' पुस्तकको लोकार्पण गरिएको छ ।

प्रज्ञा भवनको लेखनाथ कक्षमा उमाकान्त पौडेल स्मृति प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा वरिष्ठ साहित्यकार डा.तुल्सी भट्टराईले पुस्तकको लोकार्पण गरेका हुन् ।

पूर्वजर्नेल तथा शोधकर्ता डा.प्रेमसिंह बस्न्यातले लेखकको व्यक्तित्व र साहित्यिक क्षमताबारे प्रकाश पारे । बेलायतस्थित नेपाली साहित्य विकास परिषद् युकेका संस्थापक तथा वरिष्ठ साहित्यकार सुरेशजङ शाहले पुस्तकले नेपाली राजदूतहरूलाई अझ परिष्कृत हुन मद्दत गर्ने विश्वास व्यक्त गरेका छन् । मुख्य वक्ताका रूपमा काठमाडौं विश्वविद्यालयका डिन प्रा.डा.उद्धव प्याकुरेलले पुस्तकको योगदान र नेपाली कूटनीतिमा यसको प्रभावबारे चर्चा गर्दै लेखकलाई बधाई दिएका थिए ।

पुस्तक अक्षरमार्ग प्रकाशन, पनौतीले प्रकाशन गरेको हो । प्रकाशकका प्रतिनिधि सूर्यप्रसाद लाकोजुले पुस्तक प्रकाशन गर्न पाउनु गौरवको विषय भएको बताए ।

लेखक डा.पौड्यालले आफू कवि भएपनि यो पुस्तक किन लेखिएको हो भन्ने व्याख्या गर्दै अध्यायहरूको सार प्रस्तुत गरेका थिए । प्रतिष्ठानका महासचिव रामप्रसाद पौडेलले स्वागत मन्तव्य राखेका थिए । सभापति कश्यप पौडेलले लेखकको बाल्यकालदेखि रहेको लेखन अभिरुचिले आफू र भाइहरूलाई पनि साहित्यमा प्रेरित गरेको उल्लेख गर्दै कार्यक्रम समापन गरेका थिए । कार्यक्रममा पत्रकार, साहित्यकार तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति थियो ।

## बर्दियामा सामुदायिक विद्यालयको अनुगमन

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २० मंसिर



गेरुवा गाउँपालिकामा 'वास गेन्स परियोजना'को सहकार्यमा विभिन्न सामुदायिक विद्यालयहरूको संयुक्त अनुगमन गरिएको छ । अनुगमनको मुख्य उद्देश्य विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) को अवस्था, व्यवस्थापन र नियमितता मूल्यांकन गर्नु रहेको थियो । यसबाट स्थानीय तहको शैक्षिक वातावरण सुधारमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

अनुगमन टोलीले सरस्वती आधारभूत विद्यालय जोधिपुर, बालप्रिय आधारभूत विद्यालय तीनघरुवा, नेपाल राष्ट्रिय आधारभूत विद्यालय गिदारपुर, नवज्योति आधारभूत विद्यालय सुखार, जनता परिक्षित नरसिंह आधार भूत विद्यालय वाहीपुर, एकप्रिय राठोर माध्यमिक विद्यालय पाताभार र जानकी माध्यमिक विद्यालय जनकनगरलगायत विद्यालयमा भौतिक संरचना र सेवा-सुविधाको अध्ययन गरेको थियो ।

अवलोकनका क्रममा फोहर व्यवस्थापन, पहुँचयोग्य पूर्वाधार निर्माण, मर्मत-सम्भार कोष, शिप तथा औजार व्यवस्थापन, ह्यान्ड वास स्टेशनको दक्ष प्रयोग र सरसफाइ अभ्यासमा सुधार आवश्यक देखिएको छ । साथै अपांगता भएका बालबालिकालाई सुरक्षित र पहुँचयोग्य वातावरण उपलब्ध गराउने विषयमा विद्यालय प्रशासनलाई विशेष प्राथमिकता दिन सुझाव दिइएको छ।

तथा बाल क्लब तथा किशोरी क्लबसँग अन्तरक्रिया गर्दै 'तिन तारे' परिक्षण सूचकको आधारमा विद्यालयहरूको वर्तमान स्थिति मूल्यांकन गरिएको थियो। क्लब सदस्यहरूले विद्यालयको सरसफाइ, स्वच्छ पानीको पहुँच, शौचालयको नियमित प्रयोग, व्यक्तिगत स्वच्छता अभ्यास र सरोकारवालासँगको समन्वयबारे आफ्ना अनुभव साझेदारी गरेका थिए । अनुगमन टोलीले नियमित पालना र अभिलेखीकरणको महत्वबारे पनि प्रकाश पारेको थियो ।

अनुगमन टोलीमा गेरुवा गाउँपालिका अध्यक्ष जमानसिंह के.सी., उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत वसबहादुर राना, विषयगत शाखाका प्रमुखहरू, परियोजनाका कर्मचारी तथा प्रतिनिधिहरू सहभागी थिए । स्थानीय तहको नेतृत्वसँगै परियोजना टोलीको सक्रियताले विद्यालयहरूको समग्र वास अवस्थालाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरिएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२१ मंसिर २०८२ आइतबार
7 December 2025 Sunday

# 'रमाइलो युरोप टूर' मा गायक सेन्चुरी
# ८ देशमा सांगीतिक प्रस्तुति दिँदै

**काठमाडौं/मस–** गायक तथा संगीतकार खेम सेन्चुरी झन्डै एक महिना लामो 'युरोप टूर' मा निस्किएका छन् । शुक्रबार साँझ मोडल ओबी रायमाझीसहित उनी युरोपतर्फ प्रस्थान गरेका हुन् । करिब १० वर्षदेखि नेपाली लोक गीतमार्फत सुनिँदै आएका सेन्चुरीले पछिल्ला वर्षमा टेलिभिजन रियालिटी शोमार्फत नयाँ पुस्तालाई संगीतमा प्रेरित गर्दै आएका छन् ।



'रमाइलो युरोप टूर' नाम दिइएको यो यात्रालाई सेन्चुरीले आफ्नो सांगीतिक यात्रा, अन्तरक्रिया र मनोरञ्जनको नयाँ अध्यायका रूपमा व्याख्या गरेका छन् । पोर्चुगलबाट सुरु, ८ दिनमा ८ देश युरोप टूर २०२५ डिसेम्बर २० मा पोर्चुगलको राजधानी लिस्बनबाट सुरु हुने तालिका छ । पहिलो प्रस्तुतिपछि सेन्चुरीले क्रमशः २१ डिसेम्बरमा फ्रान्स, २२ मा नर्वे, २३ मा फिनल्याण्ड, २४ मा चेक रिपब्लिक, २७ मा माल्टा, २८ मा ग्रीसको एथेन्स तथा २९ डिसेम्बरमा बेल्जियममा प्रस्तुति दिने कार्यक्रम छ ।

नेपाली समुदाय बाक्लो रहेको युरोपेली शहरहरूमा आयोजना हुने यी कार्यक्रमहरूमा स्थानीय नेपाली संघ-संस्था, कलाकार र सांगीतिक समूहको सहयोग रहने बताइएको छ । क्रिसमस तथा अंग्रेजी नयाँ वर्षको उत्सवको वातावरणमा सेन्चुरीको प्रस्तुति दर्शकलाई सांगीतिक र उत्सवमय अनुभव दिने आयोजकको अपेक्षा छ ।

सेन्चुरीले यसपटकको टूरलाई केवल 'कन्सर्ट' मात्र नभइ नेपाली समुदायभित्र 'सांस्कृतिक पहिचानको पुनर्स्मरण' को रूपमा प्रस्तुत गर्ने बताएका छन् ।

उनी भन्छन्,'विदेशमा बसोबास गर्ने नेपालीका लागि कला-संगीत मनोरञ्जन मात्र होइन, भावनात्मक जोड हो। त्यसैले हामी जहाँ पुग्छौं, हाम्रो संस्कृतिसँग पनि पुगौं भन्ने चाहना हो ।' 'भ्वाइस अफ नेपाल' को सातौं सिजनका कोच

सेन्चुरी टिभी रियालिटी शो 'भ्वाइस अफ नेपाल' को सातौं सिजनका कोच हुन् । शोमा उनी युवालाई गायन, प्रस्तुति कला र आत्मविश्वस जोड्न उत्प्रेरित गर्ने अनुभवी प्रशिक्षकको रूपमा परिचित छन् । उनका अनुसार रियालिटी शोले नयाँ पुस्तालाई 'संगीतलाई पेशा'को रूपमा हेर्ने मानसिकता विकास गरिरहेको छ, जुन नेपाली सांगीतिक संस्कृतिका लागि सकारात्मक संकेत हो । युरोप टूरले उनलाई 'भ्वाइस अफ नेपाल' का प्रशंसक, पुराना श्रोता र नयाँ दर्शकसँग प्रत्यक्ष भेटघाट गर्ने अवसर दिने अपेक्षा गरिएको छ ।

युरोपमा बसोबास गर्ने नेपाली समुदायले पछिल्ला वर्षमा कलाकारलाई 'टूर' मा निम्त्याउने क्रम बढेको छ। प्रवासी समुदायले सांस्कृतिक कार्यक्रमलाई आपसी भेटघाट, मनोरञ्जन र मान्यता कायम गर्ने माध्यमको रूपमा प्रयोग गर्दै आएको छ ।

**मोडल ओबी रायमाझीसँग सहयात्रा**

टूरमा सेन्चुरीसँग मोडल ओबी रायमाझी पनि सहभागी छन् । उनी विभिन्न म्युजिक भिडियो, मोडलिङ र स्टेज शोमार्फत परिचित हुँदै आएका कलाकार हुन् ।

# 'कमरेड जलजला उपन्यासको विवेचना' विमोचन

**काठमाडौं/मस–**'कमरेड जलजला उपन्यासको विवेचना' नामक पुस्तक विमोचन गरिएको छ ।




शनिबार काडमाडौंमा आयोजित एक कार्यक्रममा वामपन्थी नेपाल मोहनविक्रम सिंहले उक्त पुस्तकको विमोचन गरेका हुन् ।

वामपन्थी नेता सिंहले जलजला उपन्यासले कर्म गर्ने तर व्यक्तिगत फलको आश गर्न नहुनेमा जोड दिएको बताए । उपन्यासको मुख्य उद्देश्य संसारलाई आमामय बनाउने रहेको उल्लेख गरे । आमाले आफ्ना सन्तानहरुलाई निस्वार्थ माया गरेजस्तो सबैले निस्वार्थ भावले माया गर्न उपन्यासले आह्वान गरेको उनको भनाइ छ ।

उनले भने, 'उपन्यासको मुख्य उद्देश्य हो, सारा संसारलाई आमामय बनाउने, आमामय बनाउनुको अर्थ हुन्छ, सबै मानिस हुने, मानिसहरुले आफ्ना सन्तानहरुलाई जस्तै निस्वार्थ भावले माया गर्छन्, त्यसैगरी नै माया गरौं ।'

नेता दीनानाथ शर्माले उपन्यासमा सिंगो कम्युनिष्ट आन्दोलन भएको बताए । उनले जलजला साहित्यक उपन्यास मात्रै नभएर दर्शन, विचार, सिद्धान्त, राजनिति, समकालिन युग सबै भएको बताए । नेपालको सिंगो कम्युनिष्ट आन्दोलन जलजला उपन्यासमा पढ्न पाईने उनको भनाइ छ । उनले भने, 'उपन्यासमा पनि सिंगो कम्युनिष्ट आन्दोलन छ ।


## Dhurkot Rural Municipality
## Office of the Rural Municipal Executive

Barbot, Gulmi
Lumbini Province, Nepal

**Invitation for Sealed Quotation**

**Second Date of publication: 2025-12-07**

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement of :

| S. N | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-G-SQ-12-082/83 | Procurement of Sanitary pad for Public School Girls at Dhurkot Rural Municipality-04,Barbot Gulmi | 27,000 | 10,57,680 | 75 days | 1,000 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata ) | Deposit cash for bid security (Dhurkot Ga.Pa. Ga. 3.1 Sthaniya Taha Dharauti Khata ) |
|---|---|---|---|
| 2025-12-21, 12:00 PM | 2025-12-21, 13:00 PM | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910501307703007 | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910501307701002 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917 , 9843589271,9847018589.

**Chief Administrative Officer**


# अभिनेत्री पूजा शर्मा विवाह बन्धनमा

**काठमाडौं/मस–** नेपाली फिल्मकी लोकप्रिय अभिनेत्री पूजा शर्मा विवाह बन्धनमा बाँधिएकी छिन् । उनले लामो समयदेखिका प्रेमी युद्ध बानियाँसँग शनिबार वैवाहिक सम्बन्ध स्थापना गरेकी हुन् ।



भक्तपुरको साँगास्थित एक पाँचतारे होटलमा सम्पन्न विवाह समारोहमा दुबै परिवार, आफन्त तथा चलचित्र क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति थियो ।

पूजा शर्मा र युद्ध बानियाँबीच करिब ६ वर्षदेखि प्रेम सम्बन्ध रहेको थियो ।आफ्नो व्यक्तिगत जीवनबारे सार्वजनिक रूपमा धेरै बोल्न नचाहने यी दुवै कलाकारले समयसँगै सम्बन्धलाई परिपक्व बनाउँदै विवाहसम्म पुऱ्याएका हुन् ।

नेपाली चलचित्र उद्योगमा सक्रिय पूजा शर्मा र उद्यमी तथा निर्माता युद्ध बानियाँबीचको सम्बन्ध चलचित्रकै कामका क्रममा नजिकिएको मानिन्छ । दुवैले ललितपुर झम्सिखेलमा 'ट्याग' नामक रेस्टुरेन्ट सञ्चालन गर्दै आएका छन्, जसलाई उनीहरूले संयुक्त व्यावसायिक यात्राको सुरुवात मानिन्छ ।

# फल्चामा गुन्जिए नारायणगोपाल र झलकमानका गीत



**कास्की/मस–** पोखरा महानगरपालिका-९ महेन्द्रपुलस्थित फल्चामा 'स्मृतिमा झलकमान र नारायणगोपाल साँझ' कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । इँटा र काष्ठकलाले सजिएको फल्चामा दौरा-सुरुवालमा सुसज्जित बालकलाकारको सारंगी र मादलसहितको प्रस्तुतीले दर्शकलाई मोहित बनाएको थियो । कार्यक्रमको सन्दर्भ स्वरुप स्वरसम्राट नारायणगोपाल र लोकगायक झलकमान गन्धर्वको स्मृति दिवस मनाइएको हो । बर्सेनी मंसिर १९ गते नारायणगोपाल र ६ गते झलकमानको स्मृति दिवस मनाइने परम्परा अनुरूप यस वर्ष रेडियो अन्नपूर्णले झलकमान गन्धर्व सारंगी पाठशालासँग सहकार्यमा कार्यक्रम आयोजना गरेको हो ।


## भूल सुधार

मिति २०८२/०८/२० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदी र कुवेतमा रोजगार शीर्षक (कम्पनी १) कम्पनीको नाम Al Majd Basket Grocery for Foodstuffs L.T. No.: 334680, पूर्व स्वीकृत मिति: २०८२/०८/१६ चलानी नं. ६०२४८४८०, (कम्पनी २) कम्पनीको नाम Alhobail Medical Company L.T. No.: 334817, पूर्व स्वीकृत मिति: २०८२/०८/१९ चलानी नं. ६०२४८४८२, (कम्पनी ३) कम्पनीको नाम Rukn Saj Trading Establishment L.T. No.: 334650, पूर्व स्वीकृत मिति: २०८२/०८/१६ चलानी नं. ६०२४८४८१, (कम्पनी ४) कम्पनीको नाम Arabian Luxury Tailoring Est. for Men's Tailoring L.T. No.: 327547, पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं. ६०२४१७०९, (कम्पनी ५) कम्पनीको नाम Sports balance horizon Foundation L.T. No.: 329775, पूर्व स्वीकृत मिति: २०८२/०५/०५ चलानी नं. ६०२४३७५९, (कम्पनी ६) कम्पनीको नाम FARIDA RESTAURANT FOOD SUPPLIES COMPANY L.T. No.: 334843, पूर्व स्वीकृत मिति: २०८२/०८/१९ चलानी नं. ६०२४८४७९ भएको विज्ञापनमा अन्तर्वाता मिति २०८२ मंसिर ३० गते (16 December 2025) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075 G.P.O Box No: 179, Basundhara, Kathmandu,
Tel : 5905101, 5905102, Fax No: 4350995,
E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## नेपाल सरकार
## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
## हनुमानढोका दरबार सङ्ग्रहालय

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**सूचना नं. ०३/२०८२/०८३**
**प्रकाशित मिति : २०८२/०८/२१**

१. चालु आ.व. २०८२/८३ हनुमानढोका दरबार सङ्ग्रहालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु बोलपत्रबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएकोले इच्छुक निर्माण व्यवसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्रबाट आव्हान गरिएको छ ।

२. बोलपत्रको ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने बोलपत्रदाताले देहायका कागजतहरु पेश गर्नुपर्नेछ :
(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि । (ख) मू.अ.क.दर्ता प्रमाणपत्र प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि
(ग) आ.व.२०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (घ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएकाले प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

३. बोलपत्र फारम खरिदको लागि देहायमा उल्लेखित दस्तुर बुझाई फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी तोकिएको समयभित्र यस हनुमानढोका दरबार सङ्ग्रहालयमा निवेदन दिनुपर्नेछ । प्रतिलिपि कागजातहरु अनिवार्यरुमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ । बोलपत्र खरिद तथा दालिखा गर्ने अन्तिम मिति तल उल्लेख भए अनुसार हुनेछ ।

४. विल अफ क्वाण्टीदिजमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा उल्लेख हुनुपर्नेछ । अंक रअक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्रदाताले बोलपत्र फारम दस्तुर बापताको सिदार्थ बैंक, धर्मपथ स्ति खाता नं. ००४१५१८७३८४ मा जम्मा गरेको बैंक भौचरको scanned copy upload गर्नुपर्नेछ । बोलपत्र कागजको मान्य अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ । बोलपत्रदाताले तल उल्लेख गरिएको रकममा नघटाई नगद वा 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस हनुमानढोका दरबार सङ्ग्रहालयको नाममा जारी गरेको बोलपत्र कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधिको बैंक ग्यारेन्टी (विड वन्डकसो सक्कल प्रती पेश गर्नुपर्नेछ । नगद जमानतको लागि सिदार्थ बैंक, धर्मपथस्थित धरौती खाता नं. ००४१५० ९६०८९ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

६. बोलपत्र दाखिल गर्न म्याद अन्तिम मितिको १२:०० बजेसम्म हुनेछ भने पेश हुन आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस हनुमानढोका दरबार सङ्ग्रहालयमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पुनः सिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति तथा समय भन्दा कम्तिमा चौबी घण्टा अगावै निवेदन दर्ता गराउनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

८. बोलपत्रदाताको योग्यताका आधारमा बोलपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

९. सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको बोलपत्र उपर कारवाही हुने छैन ।

१०. बोलपत्र कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ । तर बोलपत्र मान्य अवधि र बोलपत्र जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

११. कुनै पनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस हनुमानढोका दरबार सङ्ग्रहालयमा सुरक्षित रहनेछ । साथै बोलपत्र आव्हानको सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा यस हनुमानढोका दरबार सङ्ग्रहालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. यो सूचनामा उल्लेख गरिएका वाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१३. E-bidding
(क) E-bidding गर्ने बोलपत्रदाताले यस विकास समितिलाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट उपलब्ध भएका भवन निर्माण सम्बन्धी E-bidding को अन्तरिम Portal प्रयोग गर्नुपर्नेछ । उक्त web मा login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताले निम्न बोलपत्रमा भाग लिन सक्नेछन् ।
(ख) बोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरु E-bidding portal www.bolpatra.gov.np/ego मा scanned copy upload गर्नुपर्नेछ । यसरी सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर बापत सिदार्थ बैंकमा जम्मा गरेको बैंक भौचरको scanned copy upload गर्नुपर्नेछ ।
(ग) E-bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिनको१२:०० बजे भित्र pdf format मा upload गरिसक्नु पर्नेछ । upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ । upload भएका बोलपत्रहरु सम्बन्धित काजातहरुका सम्बन्धमा समितिले आवश्यक सक्कल कागजातहरु माग गर्न सक्नेछ । माग गरेका सक्कल कागजात समयमा नै पेश नगरेमा मूल्यांकनमा समावेश गरिने छैन ।
(घ) निर्माण व्यवसायिले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको इ-विड दर्ता भएको नदेखिएमा वा upload गरिएको unreadable format वा currupted भएमा मूल्यांकनमा समावेश गरिने छैन ।

| सि. नं. | ठेक्का | कामको विवरण | लागत अनुमान रकम (भ्याट र कन्टिजेन्सी बाहेक) | वीड जमानत रकम | बोलपत्र फारम दस्तुर | ई.बिडिङ्ग सुविधा | बोलपत्रको अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | HDC/NCB-01/ 2082/083 | मोहनकाली चोकको पूर्वी (त्रिशुल चोक) लङ्ग जीर्णोद्धार गर्ने कार्य | १,३०,२४,९७१.६९ | ३,६५,००० | ३,००० | छ | २०८२।०९।२२ |
| २. | HDC/NCB-02/ 2082/083 | जगन्नाथ मन्दिर मर्मत र हनुमान मूर्ती अगाडिको प्राङ्गण संरक्षण गर्ने कार्य | ४३,०८,९३९.२६ | १,२५,००० | ३,००० | छ | २०८२।०९।२२ |
| ३. | HDC/NCB-03/ 2082/083 | मसान चोकको संरक्षण तथा पुरानो वास्तु अवयवहरुको व्यवस्थापन गर्ने कार्य | ३८,९१,४३६.९४ | १,१०,००० | ३,००० | छ | २०८२।०९।२२ |



## UAE मा रोजगार

कम्पनी: VANILLIA BEAUTY CENTER & SPA
पूर्व स्वीकृत मिति: २०८२/०८/१९ चलानी नं.:६०२४८४६८
शहर: SHARJAH
LT. No.: 334892

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beauty Saloon | 0 | 10 | स. काममा दक्ष | 1200 | ४६,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २८ गते (14 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**B AND G INTERNATIONAL OVERSEAS PVT.LTD.**
श्रम इजाजत पत्र नं.: १३६८/०७४/०७५
Sinamangal 09, Kathmandu, Nepal. Tel No: 01-4110980. Mobile No: 9867417696 Email: bngintl1368@gmail.com

# विराटनगर किंग्स पहिलो क्वालिफायरमा



**काठमाडौं/मस–** सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) मा शनिबार भएको प्रतिस्पर्धात्मक खेलमा विराटनगर किंग्सले शीर्ष स्थानमा रहेको सुदूरपश्चिम रोयल्सलाई ६ विकेटले पराजित गर्दै पहिलो क्वालिफायरमा स्थान सुरक्षित गरेको छ। लगातार ६ खेलमा अपराजित रहेको सुदूरपश्चिमले लिग चरणको अन्तिम खेलमा आएर हार व्यहोर्नुपर्‍यो।

सुदूरपश्चिमले दिएको १४८ रनको लक्ष्य विराटनगरले ११.५ ओभरमा ४ विकेट गुमाउँदै भेट्टायो। विराटनगरको जीतमा ओपनर साम हेजलेट र फाफ डु प्लेसिसले ९७ रनको साझेदारी गर्दै महत्वपूर्ण भूमिका खेले। फाफले ५० रन र सामले ५१ रन बनाए।

विराटनगरले पावर प्लेमा ८७ रन जोड्दै यस संस्करणको उच्चतम स्कोर बनाएको हो। मार्टिन गप्टिल २२ रनमा रनआउट भए। प्रतिश जिसी १३ रनमा नटआउट रहे। सुदूरपश्चिमका लागि अविनास बोहराले २ विकेट लिए।

यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ६ विकेटमा १४७ रन बनाएको थियो। आशिफ शेखले ४५, इशान पाण्डेले ३८ र जस ब्राउनले २४ रन जोडे। विराटनगरका सन्दीप लामिछानेले ३ विकेट लिए। विराटनगरसँग पराजित भए पनि सुदूरपश्चिम १२ अंकसहित शीर्ष स्थानमा रहँदै पहिले नै क्वालिफायरमा प्रवेश गरिसकेको छ। विराटनगर १० अंकसहित दोस्रो स्थानमा उक्लिएको हो। पहिलो क्वालिफायर मंगलबार हुनेछ, जहाँ सुदूरपश्चिम र विराटनगर आमनेसामने हुनेछन्। खेलमा विजयी टिमले फाइनलमा सीधा प्रवेश पाउनेछ भने पराजित टिमले एलिमिनेटर विजेतासँग दोस्रो क्वालिफायर खेल्ने अवसर पाउनेछ।

त्यस्तै शनिबार भएको अर्को खेलमा पोखरा एभेन्जर्सले चितवन राइनोजलाई ८ विकेटले पराजित गर्दै प्रतियोगिताको सुखद अन्त्य गरेको छ। चितवनले दिएको १२१ रनको लक्ष्य पोखराले १९.४ ओभरमा भेट्टायो। अर्जुन कुमाल ४३ रनमा नटआउट भए। पहिले ब्याटिङ गरेको चितवनले ६ विकेटमा १२० रन बनाएको थियो।

# महिला भलिबल: एपिएफ र पुलिस क्लब फाइनलमा



**झापा/मस–** अर्जुनधारामा जारी अर्जुनधारा खुला महिला भलिबल प्रतियोगितामा एपिएफ र नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको छ।

विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको छ। शनिबार भएको पहिलो सेमिफाइनल खेलमा पुलिसले ६-२५, १५-२५ र १७-२५ को सोझो सेटमा आर्मीलाई पराजित गरेको हो। खेलको 'प्लेयर अफ दी म्याच' पुलिसकी एलिसा मानन्धर भइन्। उनले नगद पाँच हजार र ट्रफी प्राप्त गरेकी छिन्। यसैबीच शनिबारकै अन्तिम सेमिफाइनल खेलमा न्यु डायमन्ड क्लबलाई ३-१ को सेटमा पराजित गर्दै एपिएफ फाइनल पुगेको हो। प्रतिस्पर्धात्मक खेलमा एपिएफले पहिलो, दोस्रो र चौथो सेटमा न्यू डायमन्डलाई पराजित गरेको हो। एपिएफले २५-२२, २५-१६ र २५-१२ को सेटमा न्यू डायमन्डलाई स्तब्ध पारेको थियो। न्यू डायमन्डले तेस्रो सेटमा एपिएफलाई २५-२२ ले हराएको थियो। खेलको 'प्लेयर अफ द म्याच' एपिएफकी जमुना सेन्च्युरी भइन्। उनलाई नगद पाँच हजार र ट्रफी प्रदान गरिएको छ।

जितसँगै एपिएफले आइतबार हुने फाइनल खेलमा नेपाल पुलिस क्लबसँग प्रतिस्पर्धा गर्नेछ।


**साउदीमा रोजगार**

कम्पनी: LARSEN TOUBRO AL ARABIA COMPANY — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०८/१९ — चलानी नं.: ६०२४८४८९ — L.T. No.: 334809

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 200 | 0 | स. काममा दक्ष | 1000 | ३८,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २८ गते (14 December 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1035/072/073
**Lulu International Pvt. Ltd.**
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184


# 'एफक्यान रोड रेस'मा आर्मी क्लबका रोकाय प्रथम



**काठमाडौं/मस–** नेपाल निर्माण व्यवसायी महासंघले १८औं राष्ट्रिय निर्माण दिवसका अवसरमा शनिबार आयोजना गरेको 'एफक्यान रोड रेस' को पुरुष खुल्ला १० किलोमिटरतर्फ त्रिभुवन आर्मी क्लबका राजन रोकाय प्रथम भएका छन्।

आर्मी क्लबका सञ्जय श्रेष्ठ दोस्रो हुँदा सशस्त्र प्रहरीका तयाहाङ राई तेस्रो भएका छन्। त्यसैगरी, महिला खुल्ला १० किलोमिटरतर्फ त्रिभुवन आर्मीकी पूर्णलक्ष्मी न्यौपाने पहिलो, आर्मी क्लबकै निशा सार्की र राज्यलक्ष्मी रावल क्रमशः दोस्रो तथा तेस्रो भएका छन्। कर्पोरेटतर्फ पुरुष पाँच किलोमिटरमा रामचन्द्र श्रेष्ठ, राकेश महर्जन र सुशीलकुमार श्रेष्ठ क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका छन्। कर्पोरेटतर्फको सोही उमेर समूह र दूरीको दौडमा महिला पाँच किलोमिटरमा सोनु घतानी, नगीना महर्जन र रजीना दुलाल क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका छन्।

यसैगरी, भेट्रान्सतर्फ पुरुष पाँच किलोमिटरमा धर्म महर्जन, अभिनारायण अधिकारी र जापानका मिजुकी मात्सुजाकी क्रमशः पहिलो, दोस्रो र तेस्रो भए। भेट्रान्सतर्फ महिला पाँच किलोमिटरमा कल्पना महर्जन, शर्मिला बस्नेत र चारु अर्याल क्रमशः पहिलो, दोस्रो र तेस्रो भइन्।

# गोल्डेनगेट र जेभियर फाइनलमा



**काठमाडौं/मस–** गोल्डेनगेट इन्टरनेसनल कलेज र जेभियर इन्टरनेसनल कलेज दोस्रो अन्तर-कलेज गर्ल्स बास्केटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन्। एसियु र प्रोफेसनल एजुकेसन कन्सलटेन्सीको आयोजना तथा रोएल स्पोर्ट्स सेन्ट्रलको व्यवस्थापनमा भइरहेको प्रतियोगितामा गोल्डेनगेट र जेभियरले शनिबार सेमिफाइनलमा जित हात पार्दै उपाधि भिडन्त पक्का गरेका हुन्। रोएल स्पोर्ट्स सेन्ट्रलको कोर्टमा शनिबार भएको पहिलो सेमिफाइनलमा गोल्डेनगेटले ब्लुबर्डलाई ३७-३४ अन्तरले हरायो। गोल्डेनगेटकी आयुशा महर्जनले सर्वाधिक १० अंक स्कोर गरिन्।

यस्तै दोस्रो सेमिफाइनलमा जेभियरले ल्याण्डमार्क एकेडेमीलाई ३०-१५ ले हरायो। जेभियरकी स्मृति राईले सर्वाधिक १४ अंक स्कोर गरिन्। पाँच टोली सहभागि प्रतियोगितामा लिग चरणमा शीर्च चारमा रहेका टोलीहरु सेमिफाइनल प्रवेश गरेका थिए। फाइनल खेल आइतबार हुनेछ।


**स्नो रिभर्स लिमिटेड**
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाण्डौं
फोन नं. ०१-४४४२७८२ । ईमेल: snowrivers2021@gmail.com

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित: २०८२/०८/२१**

**श्री शेयरधनी महानुभावज्यूहरू,**
यस **स्नो रिभर्स लिमिटेड**को मिति २०८२/०८/१९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको विशेष साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति : २०८२ साल पौष ७ गते सोमबार (तदनुसार सन् २०२५ डिसेम्बर २२)**
**समय : बिहानको ठिक ११:०० बजे।**
**स्थान : कम्पनीको केन्द्रिय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं।**
**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू:**
**(क) विशेष प्रस्ताव:**
कम्पनीको सञ्चालक समिति पुनर्गठन गर्ने सम्बन्धमा।
**(ख) विविध।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


# निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक। कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **मीना भट्टराई पौडेल**<br>मीना भट्टराई (नागरिकता अनुसार)<br>बाबु : बलराम भट्टराई<br>बाजे : दामोदर भट्टराई | रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. ४ | बचत खाता नं. ०१०१००१७५१५५०८ | बुटवल, रुपन्देही | २०८०/०८/२४ | रुपन्देही जिल्ला, बुटवल उपमहानगर पालिका वडा नं. ४ बस्ने दयानिधि पौडेल (श्रीमान) |
| २ | **गगन सिंह क्षेत्री**<br>बाबु : बल बहादुर क्षेत्री<br>बाजे : मन बहादुर क्षेत्री | रुपन्देही जिल्ला, बुटवल उप महानगरपालिका वडा नं.३ | बचत खाता नं. १०१००१००५२८०१ | बुटवल, रुपन्देही | २०८१/०८/०१ | रुपन्देही जिल्ला, बुटवल उप महानगर पालिका वडा नं.३ बस्ने देवी सिंह क्षेत्री (श्रीमती) |
| ३ | **माहान्द भट्टराई**<br>बाबु : लोकनाथ भट्टराई<br>बाजे : राग वाहादु भट्टराई | मेरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं ०१ | बचत खाता नं. ००७१००१७५१३७७९ | विराटनगर | २०८२/०६/२५ | मेरङ्ग जिल्ला, विराटनगर महानगर पालिका वडा नं ०१ बस्ने सुनिता दाहाल (श्रीमती) |
| ४ | **लक्ष्मी सीं प्रधान**<br>बाब : हर्ष बहादुर श्रेष्ठ<br>बाजे : राम बहादुर श्रेष्ठ | काठमाण्डौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं १ | बचत खाता नं. ०१५१००१७५१९७०९ | महाराजगन्ज | २०८१/११/१७ | काठमाण्डौं जिल्ला, नागार्जुन नगर पालिका वडा नं १ बस्ने दिनेश मान प्रधान (छोरा) |
| ५ | **धना देवी**<br>बाबु : दिप हजरा पासवान<br>पति : प्रमेश्वर हजरा दुसाध | पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. ३० | बचत खाता नं. ००६१००१७५११५०९ | वीरगंज पावर हाउस चोक | २०८१/०४/१८ | पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं.३० बस्ने प्रमेश्वर हजरा दुसाध (श्रीमान) |
| ६ | **मदन बहादुर बम ठकुरी**<br>बाबु : कर्ण बहादुर बम<br>आमा : जयन्ती बम | बैतडी जिल्ला, पुर्चौडी नगर पालिका वडा नं. ०१ | बचत खाता नं. ३५१००१७५१४७०३ | चाबहिल | २०८१/०८/२४ | बैतडी जिल्ला, पुर्चौडी नगरपालिका वडा नं.०१ बस्ने जयन्ती बम (श्रीमती) |
| ७ | **ललित मान गुरुङ्ग**<br>बाबु : मनि मान गुरुङ्ग<br>बाजे : मन बहादुर गुरुङ्ग | पर्वत जिल्ला, मोदी गा.पा. वडा नं. ०७ | बचत खाता नं. ५३१००१७५००९२५ | लेकसाईड | २०८२/०३/१३ | पर्वत जिल्ला, मोदी गा.पा. वडा नं.०७ बस्ने पुष्पा गुरुङ्ग (श्रीमती) |
| ८ | **राम कुमार मानन्धर**<br>बाबु : पदम बहादुर मानन्धर<br>बाजे : कृष्ण बहादुर मानन्धर | मोरङ जिल्ला, सन्जात वडा नं. ०२ हाल सोमबारे हाट वडा नं. ०२, विराटनगर महानगरपालिका | बचत खाता नं. ४८१००१७५००७४७ | अनामनगर | २०८२/०५/११ | मोरङ जिल्ला, सन्जात वडा नं. ०२ हाल सोमबारे हाट बडा नं. ०२ बस्ने केशु माया थापा (श्रीमती) |
| ९ | **हरि प्रसाद पौडेल**<br>बाबु : शिव प्रसाद पौडेल<br>बाजे : नरहरि पसाद पौडेल | दोलखा जिल्ला, मेलुङ वडा नं. ९ (हाल काडाघारी वडा नं.९ काठमाण्डौ) | बचत खाता नं. ०४८१००१७५०९८३५ | अनामनगर | २०८२/०५/२५ | दोलखा जिल्ला, मेलुङ वडा नं. ९ (हाल काडाघारी वडा नं.९ काठमाण्डौं बस्ने गोमा पौडेल (श्रीमति) |
| १० | **मदन कृष्ण श्रेष्ठ**<br>बाबु : मोहन मान श्रेष्ठ<br>बाजे : सुर्य मान श्रेष्ठ | काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १, नक्साल | बचत खाता नं. ०११००१३८९४१०१ | अनामनगर | २०८२/०७/१० | काठमाण्डौ जिल्ला, काठमाण्डौं महानगर पालिका वडा नं.१, नक्साल राज लक्ष्मी श्रेष्ठ (श्रीमति) |
| ११ | **राम कृष्ण बलामी**<br>बाबु : बिर बहादुर बलामी<br>बाजे : गजुर बिर बलामी | नुवाकोट जिल्ला ककनी गा. वि.स. वडा नं. १ | बचत खाता नं. ०३७१००१७५२३७८६ | बालाजु | २०८१/०७/१४ | नुवाकोट जिल्ला ककनी गा. वि.स. वडा नं. १ बस्ने ज्ञानी बलामी (श्रीमती) |
| १२ | **पर्शुराम तामाङ**<br>बाबु : टेक बहादुर तामाङ<br>बाजे : ईन्द्रमान तामाङ | सुनसरी जिल्ला धरान उपमहा( नगरपालिका वडा नं. १६ | बचत खाता नं. १६१००१७५०२०५५. | धरान | २०८२/०६/२४ | सुनसरी जिल्ला धरान उपमहानगर पालिका वडा नं. १६, बस्ने सुमन तामाङ (छोरा) |
| १३ | **खड्ग बहादुर गिरी**<br>बाबु : शिवराज गिरी<br>बाजे : ललित गिरी | सिन्धुपाल्चोक, जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.१ | बचत खाता नं. ३११००१७५१११५९ | नयाँ बानेश्वर | २०८२/०७/२६ | सिन्धुपाल्चोक.जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १ बस्ने निर्मला नगरकोटी (श्रीमती) |
| १४ | **सत लाल उराउ**<br>बाब : तेलगंगा झागर उराउ<br>बाजे : तेपु उराउ | मोरङ्ग जिल्ला, बुढीगंगा गाउँपालिका वडा नं.३ | बचत खाता नं. ११७१००१७५०५६१० | महेन्द्रचोक,बिराटनगर | २०८२/०४/२० | मोरङ्ग जिल्ला, बुढीगंगा गाउँपालिका वडा नं.३ बस्ने बाल कुमारी उराउ (श्रीमती) |
| १५ | **नवराज पुरी**<br>बाबु : शम्भु पुरी<br>बाजे : हरी भक्त पुरी | काभ्रेपलाञ्चोक जिल्ला, पनौती वडा नं १२ | बचत खाता नं. ०३४१००१७५२४९८५ | कौसलटार | २०८२/०७/१५ | काभ्रेपलाञ्चोक जिल्ला, पनौती वडा नं १० बस्ने शम्भु पुरी (बाबु) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

आर्थिक
www.madhyanhadaily.com

गो.द.का.द.नं. ३३/०६२/०७०
२१ मंसिर २०८२ आइतबार
7 December 2025 Sunday



अर्थतन्त्रलाई चलायमान बनाउने घरेलु तथा साना उद्योग नेपालमा फस्टाउन सकेका छैनन् । दुई छिमेकी मुलुक भारत र चीनको बीचमा रहेको नेपालमा आयातित समानले देशभित्रको साना उद्योगहरु मारमा पर्ने गरेको व्यवसायी बताउँछन् । नेपालमा बन्ने नीतिले साना उद्योगीलाई छुन नसक्ने र प्राथमिकता दिए जस्तो गरेपनि कार्यान्वयन हुने गरेका छैन । राज्यले ठूला व्यवसायी र साना व्यवसायीलाई हेर्ने दृष्टिकोण भिन्न नहुँदा समेत साना लगानी गरेर उद्यम गर्नले लाभ लिन सकेका छैनन् । घरेलु तथा साना उद्योगको अवस्था, समस्या र साना व्यवयाय फस्टाउनका लागि अब के गर्नु पर्छ भन्ने विषयमा नेपाल घरेलु तथा साना उद्योग महासंघका उपाध्यक्ष मोहन कटुवालसँग मह्यान्हका छबि सापकोटाले कुराकानी गरेका छन् ।

**मोहन कटुवाल**, उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ

# उद्योग खोल्ने भन्दा आयात गरेर व्यापार गर्ने बढ्यो

**पछिल्लो समयमा घरेलु तथा साना उद्योगको अवस्था कस्तो छ ?**

निजी क्षेत्रका उद्यम व्यवसायमध्ये ८० प्रतिशत साना तथा घरेलु उद्योग छन् । थोरै लगानीमा उद्योग सञ्चालन गर्न सक्ने भएकोले घरमै समेत व्यवसाय सञ्चालन गर्न सक्ने अवस्था छ। रोजगारीको हिसाबले हेर्न हो भने रोजगारी सृजना गर्ने मुख्य उद्योगको रूपमा घरेलु तथा साना उद्योगलाई लिइन्छ ।

यो क्षेत्र देशको लागि नभई नहुने र सबैको पहुँच हुने क्षेत्रको रूपमा हेरिन्छ । तर, यसको महत्व अर्थतन्त्रको लागि धेरै भएपनि वास्तवमा राज्यबाट यसलाई जुन हिसाबले साथ र समर्थन हुनु पर्ने थियो त्यो भने हुन सकेको छैन । यो व्यवसायलाई उकास्नको लागि गर्नुपर्ने पहल कागजमै मात्र सीमित बन्ने गरेको छ । मौद्रिक नीति र बजेटमा साना तथा घरेलु उद्योगमैत्री नीतिहरु आएपनि लक्षित वर्गले त्यसको लाभ लिन सकिरहेको अवस्था छैन ।

**साना उद्योगीको लागि अहिलेको आवश्यकता के हो ?**

यो क्षेत्रको उद्योगलाई फस्टाउने हो भने सरकारको प्रमुख प्राथामितामा राखेर नीतिगत निर्णय गर्नुपर्ने आवश्यकता छ । सरकारबाट पाउने सहुलियतपूर्ण कर्जालाई व्यवस्थित गरेर उत्पादनको आधारमा बनाउन सक्ने हो उद्यम गर्नेलाई ठुलो राहत हुन सक्छ । ब्याजमा छुट, प्रविधिको उच्चतम प्रयोग, सच्चा उद्योगीलाई प्रोत्साहन नगरेसम्म साना उद्योग फस्टाउन सक्दैन ।

रोजगारी सिर्जना गर्ने र निर्यात योग्य वस्तु उत्पादन गर्ने काम साना व्यवसायीले गर्न सक्छन् । तर, जुन सरकार आएपछि साना व्यवसायीका समस्या समाधान उस्तै छन् । सबै राजनीतिक दलले समेत साना उद्योगको प्रवर्धन गर्ने भनेपनि कार्यान्वयमा चासो नदिँदा जहिल्यै उस्तै समस्याबाट ग्रसित भइरहेको अवस्था छ ।

साना उद्योगलाई ऋण दिनुपर्ने भनेर बैंक तथा वित्तीय संस्थालाई निर्देशन समेत आउने गरेको छ, साथै प्रतिशत नै समेत छुट्याइएको हुन्छ । साना उद्योगमा लगानी गर्नुपर्ने नीति समेत बनेको तर, बैंक तथा वित्तीय संस्थाले त्यो लागू नगरेको पाइन्छ । बैंकहरूले समेत साना उद्योगलाई ऋण दिन भन्दा एउटा ठूलो उद्योगलाई ऋण दिन सहज हुन्छ भन्ने मान्यता राखेको पाइन्छ ।

**साना तथा घरेलु उद्योगले कस्ता समस्या भोग्नु परेको छ ?**

यो क्षेत्रका उद्यमी निरन्तर समस्यामा परिरहने गरेका छन् । कोभिड, नाकाबन्दी, आर्थिक मन्दीदेखि पछिल्लो जेनजी आन्दोलनसम्म आउँदा यो उद्योगलाई जहिल्यै समस्या पर्ने गरेको छ। देशमा वित्तीय समस्या र आर्थिक मन्दीले साना व्यवसायीलाई छिट्टै समस्या पर्ने गरेको छ । किनभने साना व्यवसायी सानो पुँजीमा सञ्चालन हुन्छन् । उनीहरूको व्यवस्थापन पनि कमजोर हुन्छ ।

यो व्यवसाय गर्नेहरू अलिकति पछाडि परेको व्यवसायी, परिवारबाट सञ्चालित उद्योग संचालित हुन्छन् । त्यसले गर्दा उनीहरूलाई चाहिँ अब एउटा कुनैपनि घटना घट्ने बित्तिकै प्रत्यक्ष असर गर्ने गर्छ ।

कृषि उत्पादन गर्ने व्यवसायलाई बजारसम्म सामान पुऱ्याउन नै समस्या छ। यस्तै नेपाली बजारमा राम्रो सम्भावना भएका क्षेत्रमा भारत, चीन लगायत अन्य देशबाट समान ल्याएर बजार नै बिगार्ने काम गर्दा साना व्यवसायीलाई पलायन गराउने काम समेत भइरहेको अवस्था छ ।

देशमा उत्पादन भएको वस्तु ल्याउन जति समय लाग्छ त्यो भन्दा छिटो विदेशबाट नेपालमा वस्तु आउँछ । यस्ता समस्याले उद्योगी र देशलाई नै ठूलो क्षति भएको छ । अर्को समस्याको रूपमा दुई ठूला देश चीन र भारतको बीचमा नेपाल छ, उनीहरूको उत्पादनहरू नयाँ प्रविधिमा आधारित भएर हुने गरेका छन् । यहाँका व्यवसायीले चाहिँ अरुले उत्पादन गरेका वस्तु आयातित गरेर स्थानीय उत्पादनसँग प्रतिस्पर्धा गराउने गर्छन् ।

हाम्रो प्रविधि पुरानो छ । सजिलोसँग बैंक वित्तीय संस्थाबाट हामीले ऋण पाउन सकिँदैन । त्यसले गर्दा उत्पादित वस्तुले बजार नपाउने समस्या लामो समयदेखि छ । जेनजी आन्दोलनपछि बजार चलाएमान भएको छैन । त्यसले गर्दा अहिले साना व्यवसायीलाई थप समस्या परेको छ ।

**यो क्षेत्र सरकारको प्राथमिकतामा नपर्नुको कारण के देख्नु हुन्छ ?**

साना तथा घरेलु उद्योग प्राथमिकता नपर्नुको कारण चाहिँ आफ्नो हेर्ने दृष्टिकोण मै समस्या छ । साना उद्योगमा समस्या साना हुन्छन् । साना व्यवसायी भन्दा ठूला व्यवसायीको प्रति राज्यको ध्यान बढी गएको देखिन्छ । नीति बन्दा पनि ठूला-ठूलाको पहुँचको आधारमा बन्ने गर्छन् । साना व्यवसायी त्यो नीति बनाउने ठाउँमा पुग्न निकै कठिन छ । उनीहरूको समस्या उठाइदिने कोही नहुदाँ अझै समस्या छ ।

देशको विकास गर्ने हो भने साना उद्योगबाट गर्न सकिन्छ । यो कुरा हाम्रोमा नारामा छ तर, व्यवहारमा पाइँदैन । बैंक वित्तीय संस्थाबाट ऋण लिन डकुमेन्टेसन गर्न घरेलु तथा साना उद्योगीलाई निकै सकस पर्छ । घरेलु तथा साना उद्यमी रियल उद्यमी हुन् । जसले घर छेउमै रोजगारी दिइरहेका छन् । स्थानीय स्तरमा उत्पादित कच्चा पदार्थ सदुपयोग गरिरहेका छन् । आयातलाई केही भएपछि प्रतिस्थापन गरिहेका छन् । तर, साना उद्योगमा कसैको ध्यान गएको छैन ।

हामीले भन्न त भन्छौं स्वदेशी उत्पादित वस्तुलाई प्रयोग गर्न प्राथमिकता राख्नु पर्छ । यो विषयमा निर्णय बेला बेलामा हुन्छ तर, हामीले उत्पादन गरेको वस्तु प्रयोग भएको छ कि छैन कसैलाई मतलब नै छैन । त्यसैले गर्दा त्यो एउटा समस्याको रूपमा छ ।

त्यसैगरी कच्चा पदार्थ आउँदा खेरि साना उद्योगलाई चाहिने पदार्थको भन्सार मूल्य भन्दा पनि तयारी वस्तुको भन्सार मूल्य कम हुन्छ । त्यसैले गर्दा पनि अप्ठ्यारो छ घरेलु तथा साना उद्योगलाई ।

अहिले पछिल्लो समय चाहिँ उद्योग गर्ने भन्दा व्यापारै गर्ने ट्रेन्ड बढेको छ । उद्योग स्थापना गर्दा खेरि झन्झट छ । जग्गा प्राप्तिको समस्या, बत्तीको समस्या, मजदुरको समस्यादेखि स्थानीय समाजले समेत साथ दिएको पाइँदैन । उजुरी गर्ने, चन्दा माग्ने, काम गर्न नदिने जस्ता समस्याले आयात गरेका वस्तु ल्याएर बेच्न निकै सहज छ । त्यसकारण यहाँका साना उद्योगीहरू चाहिँ मारमा परेका छन् ।

स्टार्टअपलाई प्रोत्साहन नै छैन । गाउँ-गाउँमा दूरदराजमा सहुलियतपूर्ण कर्जा पुग्दैन । त्यसले गर्दाखेरि साना उद्योग फस्टाउन सकिरहेको अवस्था छैन । अहिले त उद्योगलाई चलाउने भन्दा पनि कसरी टिकाएर राख्ने भन्नेमा ध्यान देखिन्छ । हाम्रोमा सानालाई मझौला, मझौलालाई ठुला उद्योगमन लैजानु पर्छ भन्ने नीति छैन ।

**अन्त्यमा, कालोसुचीमा समेत साना उद्योगीहरु धेरै पर्ने गरेका छन्, यसलाई कसरी हेर्नु भएको छ ?**

कालोसूचीमा पर्ने साना व्यवसायीको संख्या बढ्दो छ । बैंकिङ समस्याले कालोसूचीमा साना व्यवसायी धेरै परेका छन, उनीहरूले नियतवस तिर्दिन भनेर सोचेकै हुँदैन तर, उनीहरूलाई विभिन्न कारणले तिर्न नसक्ने बाध्यताले समस्या पर्ने गरेका छन् । अहिले केही समयलाई यो अप्ठ्यारो अवस्थामा रिसेडुलिङ गर्नुपर्ने दखिन्छ ।

ठूला उद्यमीलाई बैंक आफैँले त्यो सेटलमेन्ट गराइदिन्छन् किनभने ठूलो रकम हुन्छ । सानोलाई चाहिँ सपोर्ट भन्दा पनि समस्या उत्पन्न गराउने काम हुन्छ । अलिकति थोरै सपोर्ट गर्दा हुने स्थानमा सानालाई कालोसूचीमा राख्ने गरेको देखिन्छ ।

साना व्यवसायी वास्तवमा पलायन हुँदैनन । यहीँ काम गर्ने, रोजगारी दिने हो, देशमै केही गर्ने सोचका साथ काम गरेका हुन्छन् । जब अप्ठ्यारो बेलामा जब संकट पर्छ फ्रन्ट लाइनमा आउने भनेको साना व्यवसायी नै हुन ।

खाद्य आपूर्ति पूरा गर्ने कुरा होस्, चाहे त्यो फिल्डमा अगाडि बढेर काम गर्ने । कोभिड र नाकाबन्दीको बेलामा पनि बजार सन्तुलित बनाउने काम साना व्यवसायीले नै गरेका थिए । कालोसूचीमा सानो व्यवसायी परेको कारण अहिले भने बजार मै समस्या देखिएको छ ।

उत्पादित वस्तुले बजार पाएको छैन । बजारमा दिएको सामानको पैसा उठ्न सकेको छैन । व्यपारमा चेन बिग्रिँदा समस्या आएको हो । सानाले पाउने सुविधा ठूलाले प्रयोग गरिरहेका हुन्छन् ।

# बाँस प्रवर्धनमा लागेको दिक्तेल रुपाकोट मझुवागढी नाष्टद्वारा पुरस्कृत

**खोटाङ/मस–** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट)ले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई पुरस्कृत गरेको छ । नाष्टको ४३औं वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहका अवसर पारेर शनिबार आयोजित कार्यक्रममा नगरपालिकालाई 'भुवनेश्वर प्रविधि पुरस्कार-२०८२' प्रदान गरिएको हो । बाँसजन्य स्रोतको संरक्षण, प्रवर्धन तथा प्रयोगमार्फत स्थानीयस्तरमा यसलाई भवन निर्माण, हस्तकला, व्यावसायिक उत्पादन तथा वातावरणमैत्री समाधानका रूपमा रुपान्तरणसँगै बाँससम्बन्धी सीप विकास, प्रविधि विस्तार र उद्यमशीलता प्रोत्साहनमा उल्लेखनीय भूमिका निर्वाह गरेकाले नगरलाई पुरस्कृत गरिएको नाष्टले जनाएको छ । नगरपालिकाले प्राप्त गरेको उक्त पुरस्कार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानबाट निर्माणमा किफायत हुने प्रविधि विकास गर्ने, प्रविधिको अनुसन्धान तथा अनुसन्धानका क्षेत्रमा योगदान दिन सफल अनुसन्धानकर्ता वा संस्थाको प्रोत्साहन तथा सम्मानका लागि स्थापना गरिएको पुरस्कार हो ।

कृषि विकास, वातावरण संरक्षण, जलस्रोत व्यवस्थापन, जैविक विविधता, शिक्षा, सेवा प्रवाह, सुशासन, पारदर्शिता, प्राविधिक सुविधा तथा समग्र विकासका विभिन्न सूचकमा सञ्चालन गरेको मूल्यांकनमा देशका ७५३ वटा स्थानीय तहमध्ये यो नगरपालिका सबैभन्दा उत्कृष्ट रहेको नाष्टद्वारा उपलब्ध पत्रमा जनाइएको छ । नाष्टका कुलपति एवम् सरकारका प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा यही मङ्सिर १२ गते बसेको नाष्टको ४९औं प्राज्ञसभाले यो नगरपालिकालाई 'भुवनेश्वर प्रविधि पुरस्कार'बाट पुरस्कृत गर्ने निर्णय गरेको थियो । नाष्टले प्रदान गरेको २५ हजार राशिको पुरस्कार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवम् नाष्टका सहकुलपति महावीर पुनले शनिबार ललितपुरस्थित खुमलटारमा आयोजित कार्यक्रममा हस्तान्तरण गरे ।



पुरस्कार ग्रहण गर्दै नगरप्रमुख तीर्थराज भट्टराई भने, 'नाष्टले प्रदान गरेको यो पुरस्कार नगरवासीको सामूहिक मेहनत र प्रतिबद्धताको परिणाम हो । नगरको यो उपलब्धिलाई संरक्षण गर्दै आगामी दिनमा कृषि, वातावरण, शिक्षा, सामाजिक समावेशीकरण, पूर्वाधार विकास र सुशासनका क्षेत्रमा प्रभावकारी काम गर्दै जाने हौसला मिलेको छ, यो सम्मान आफैंमा गर्विलो र ऐतिहासिक छ, नाष्टको मूल्यांकनबाट पाइएको राष्ट्रिय सम्मानको गरिमालाई बचाइराख्न जनप्रतिनिधि तथा कर्मचारी इमान्दारीपूर्वक काममा लाग्ने प्रतिबद्धता गर्दछौं ।' यसैबीच, नाष्टको पत्र प्राप्त भएपछि नगरपालिकाले गत बुधबार पत्रकार सम्मेलन गरेर नगरवासी तथा सरोकार भएका सबैलाई सोबारे जानकारी दिएको थियो । दश स्थानीय तह रहेको जिल्लाका अन्य स्थानीय तहमध्ये दिक्तेल रुपाकोट मझुवागढीले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यसहित बाँस तथा बाँससम्बन्धी उद्योगको प्रवर्धन गर्दै आएको छ । बाँस तथा बाँसजन्य सामग्रीको प्रवर्धन तथा नीति निर्माणका लागि दबाब सिर्जना गर्न नगरप्रमुख भट्टराई गत साउन १४ गते काठमाडौंमा सत्याग्रह बसेका थिए । उनी सत्याग्रह बसेको चार महिनापछि संघीय ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवम् सहरी विकासमन्त्री कुलमान घिसिङले बाँसका संरचना निर्माणसम्बन्धी मार्गदर्शन स्वीकृत गरेका थिए ।

मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत मार्गदर्शनले पहिलोपटक नेपालमा बाँसलाई संरचनात्मक निर्माण सामग्रीका रूपमा औपचारिक मान्यता दिएको छ । जसअनुसार बाँसबाट एकदेखि दुईतले आवासीय भवन, साना व्यावसायिक तथा औद्योगिक भवनहरू इन्जिनियरिङ डिजाइनका आधारमा निर्माण गर्न सकिने छ । सहरी विकास मन्त्रालयबाट स्वीकृत भएको मार्गदर्शनलाई यथाशीघ्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत स्थानीय तहमा परिपत्र गर्ने तयारी भइरहेको छ । संघीय सरकारले स्वीकृत गरेको मार्गदर्शनमा बाँसको कटानी, ग्रेडिङ, रासायनिक उपचार, भण्डारण र प्रयोगको विस्तृत मापदण्डसहित भूकम्प प्रतिरोधी, वातावरणमैत्री र किफायती संरचना निर्माणका लागि आवश्यक प्राविधिक विवरण र घरका नमूना डिजाइनसमेत समावेश गरिएको छ । सरकारद्वारा स्वीकृत मार्गदर्शनले देशभर बाँस उद्योग स्थापना गर्न, वातावरणमैत्री भवन निर्माण र स्थानीय उत्पादन प्रवर्धनका लागि ऐतिहासिक कदम भएको नगर उपप्रमुख विशन राईले बताए । 'सरकारको यो निर्णयले खेर गइरहेका बाँसलाई उपयोगमा ल्याउँदै स्थानीयस्तरमा उद्योग स्थापना गरेर युवापुस्ताका लागि रोजगारी सिर्जना गर्ने बाटो खुलेको छ, यो देशभरका स्थानीय तह तथा उद्यमीका लागि उपलब्धि हो', उनले भने, 'हाम्रो नगरपालिकामा १३ किसिमका बाँस पाइन्छन्, बाँससम्बन्धी काम गरिरहेका विभिन्न निकायसँगको सहकार्यमा प्रवर्नको काम सुरु गरेका छौं ।' नगरपालिकाले 'जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहा बाँस' भन्ने नारासहित गत फागुन १५ गतेदेखि तीनदिने 'प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१' आयोजना गरेको थियो । दिक्तेल बजारमा सम्पन्न प्रथम राष्ट्रिय बाँस सम्मेलनले जारी गरेको ३५ बुँदे 'खोटाङ घोषणा-पत्र'मा दिक्तेलमा बाँस अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्न पहल गर्ने, पहिलोपटक राष्ट्रिय बाँस सम्मेलन सुरु भएको दिन फागुन १५ गतेलाई हरेक वर्ष 'राष्ट्रिय बाँस जागरण दिवस' का रूपमा मनाउने, प्रत्येक तीन वर्षमा राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्नेलगायत निर्णय समेटेर खोटाङ घोषणापत्र पारित गरेको थियो ।

# अरनिको राजमार्गको धुलिखेल–खावा सडकखण्ड विस्तार कार्य तीव्र

**काभ्रेपलाञ्चोक/मस–** अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको स्तरोन्नतिकार्यलाई तीव्रता दिइएको छ । रोकिएको विस्तारकार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता कार्य गरिएपछि पुनःस्तरोन्नतिको काम सुरु गरिएको हो ।

डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सि-एन ए-वान काली जेभीसँग सम्झौता गरिएको छ । भ्याटबाहेक ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता भएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए । पहिलो चरणमा आगामी चैतसम्ममा फराकिलो स्थानमा कालोपत्रे सक्ने र बाँकी अन्य बाँकी काम क्रमशः गर्दै निर्धारित समयमा सकिने उनको भनाइ छ । विभिन्न स्थानमा 'कटिङ' को कामबाट पुनःविस्तारकार्यलाई तीव्रता दिइएको हो ।

निर्माण कार्यमा ढिलासुस्ती गर्दा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यालयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुनः बोलपत्र आह्वान गरेको थियो । चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताए ।



उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम गौरी-पार्वतीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।

यसअघि धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा 'कटिङ' को काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम मात्रै भएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । विसं २०८१ जेठमा धुलिखेलतर्फबाट बेश, सब-बेश हाल्ने काम सुरु गरिए पनि पटकपटकको बर्खामा सबै बगाएर खण्डहरझैँ बनाएको थियो । निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि ठेकेदार कम्पनीले २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**